# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



श्रद्धेय धम्मवती गुरुमांले नेपाल बुद्धशासन चिरस्थायी कार्यमा पुऱ्याउनुभएको अमूल्य योगदानलाई कदर गरी वज्राचार्य क्लबबाट सम्मानपूर्वक चढाइएको सम्मानपत्र गुरुमांले ग्रहण गर्नुहुँदै

वर्षः ४२, अङ्कः ११

बु.सं. २५६८, सि पुन्हिः

# वसुन्धरा विहारय् न्हिच्छियंक अभिधर्म पाठया किपा:



धम्मसङ्गणी पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
त्यागवती, मेत्तावती



विभङ्ग पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
दानवती व अमता



धातुकथा पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
श्रद्धावती व सुनिता



पुग्गलपञ्ञति पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
गौतमी व प्रियावती



कथावत्थु पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
खेमावती व सुप्रियावती



यमक पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
केशावती व क्षान्तिवती



पट्ठान पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
ईन्दावती व सुनिता



अभिधर्म पाठ श्रवण यानादिस्य
उपासिका जगमाया महर्जन

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरु*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६८

नेपाल सम्बत् ११४५

इस्वी सम्बत् २०२५

बिक्रम सम्बत् २०८१

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**12th FEB 2025**

| वर्ष- ४२ | अङ्क- ११ | सि पुन्हि | माघ २०८१ |
|---|---|---|---|


**अत्तानं चे पियं जञ्ञा – रक्खेय्य नं सुरक्खितं**
**तिण्ण'मञ्ञतरं यामं – पटिजग्गेय्य पण्डितो**

**यदि थ:त थम्हं माया दु धयागु जूसा थ:गु भविष्य सुरक्षित याय्‌यत रात्रीया स्वंगू याम मध्ये छगू यामय्‌ जूसां जाग्रत जुया: शील समाधि व प्रज्ञाया अभ्यास याना: थ:त पण्डित या ।**

**यदि तिमीलाई आफ्नो माया लाग्छ भने जवानी, प्रौढ र वृद्ध अवस्था मध्ये एक अवस्थामा जागृत रही शील, समाधि र प्रज्ञाको अभ्यास गरी पण्डित बनी आफ्नो भविष्य सुधार्नु ।**

If a man holds himself dear, let him guard himself closely. The sage should watch through one of the three vigils of his existence (youth, maturity or old age)

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय- कर्त्तव्य पालन नै धर्मपालन | – | ३ |
| ३) | धर्मले नै रक्षा गर्छ | – सत्यनारायण गोयन्का | ४ |
| ४) | भिक्षु वर्ग | – सत्यमोहन जोशी | ७ |
| ५) | पट्ठान एक चिनारी–२ | – अग्गञाणी गुरुमां | ८ |
| ६) | बुद्धया सः | – कुसलञाणी गुरुमां | १० |
| ७) | बौद्ध–ऋषि महाप्रज्ञा–६ | – रत्नसुन्दर शाक्य | १४ |
| ८) | भिंगू संयोजन धर्म (दश संयोजन धर्म) | – श्रद्धा कमल ताम्राकार | २० |
| ९) | धर्मकीर्ति समाचार | – | २३ |


## चौथौं लुम्बिनी अन्तर्राष्ट्रिय त्रिपिटक पाठ–२०८१

अखिल नेपाल भिक्षु महासंघको आयोजनामा बुद्ध जन्मभूमि लुम्बिनीमा २०८१ फागनु २० गते देखि २५ गते सम्म चौथौं अन्तर्राष्ट्रिय त्रिपिटक पाठ कार्यक्रम सञ्चालन हुँदैछ।

**कार्यक्रम तालिका :–**

फागुन २१ गते - त्रिपिटक पाठको औपचारिक उद्घाटन
- विहान ८:३० – साँझ ५:०० सूत्रपिटक देशना

फागुन २२ गते - विहान ७:३० – साँझ ५:०० विनयपिटक देशना

फागुन २३ गते - विहान ७:३० – साँझ ५:०० अभिधर्मपिटक देशना

फागुन २४ गते - चौथौं त्रिपिटक पाठ कार्यक्रम समापन।

## बुद्ध जन्म भूमि लुम्बिनीमा ५०० जना कुलपुत्रहरूलाई वृहत श्रामणेर प्रव्रज्या कार्यक्रम

अखिल नेपाल भिक्षु महासंघको आयोजनामा बुद्ध जन्म भूमि लुम्बिनीमा आयोजित चौथौं लुम्बिनी अन्तर्राष्ट्रिय त्रिपिटक पाठ समारोह २०८१ को शिलसिलामा बुद्ध जन्मभूमि लुम्बिनीमा ५०० जना कुलपुत्रहरूलाई वृहत श्रामणेर प्रव्रज्या कार्यक्रम सञ्चालन गरिने समाचार प्राप्त भएको छ।

**उक्त कार्यक्रमको कार्य तालिका :–**

फागुन १४ गते - श्रामणेर हुने व्यक्तिहरूको नाम दर्ता

फागुन २० गते - लुम्बिनीमा श्रामणेर प्रव्रज्या

फागुन २२ गते - भिक्षाटन

चैत्र २ गते - धम्मयात्रा

चैत्र ३ गते - प्रमाणपत्र वितरण

## ▪ सम्पादकीय ▪

# कर्त्तव्य पालन नै धर्मपालन

**"वत्तं अपरिपुरेन्तो शीलं नपरिपूरति"**

माथि उल्लेखित बुद्ध वचनले आ-आफ्नो कर्तव्यलाई चिनेर इमान्दारीपूर्वक उक्त कर्तव्य पालन गर्नुलाई नै धर्म पालन गरेको ठहरिने सुझाव दिइरहेको छ। त्यसैले धर्मचेतनाको महशुस त्यसबेला हुन्छ, जुनबेला हामीले आ-आफ्नो कर्त्तव्यलाई महशुस गर्नेछौं। कर्त्तव्य बोध भएको व्यक्तिले नीजि स्वार्थको लागि छलकपटपूर्ण कुरा पनि गर्दैन, काम पनि गर्दैन किनभने यस्तो कुरा र कामले अरूलाई बाधा अड्चन उत्पन्न गरी दुःख पुऱ्याइरहेको हुन्छ। कर्त्तव्यहीन व्यक्तिको आचरण र बानी व्यवहार असभ्य र स्वार्थपूर्ण हुन्छन्। तर यसको ठीक विपरित निस्वार्थ, असल एवं सभ्य व्यक्तिको तर्फबाट अन्य प्राणीहरू उपर कुकर्म हुन नै सक्दैन। उ अन्यायपूर्ण स्वार्थ चित्तको गुलाम बन्दैन र उ समाजको विश्वास पात्र बनिरहेको हुन्छ।

एकपटक भगवान् बुद्ध समक्ष एक व्यक्तिले उहाँको जात सोधेको अवस्थामा भगवान् बुद्धले उक्त व्यक्तिलाई यसरी सल्लाह दिनुभएको रहेछ–

"जात सोध्ने होइन, आचरण र बानी व्यवहार सोध्ने गर।"

भगवान् बुद्धले दिनुभएको यस ज्ञानबर्द्धक कुराले भनिरहेको छ– एक सभ्य र इमान्दार मानिस बन्नको लागि उसले आफ्नो खराब आचरणहरूलाई सुधार्नु पर्दो रहेछ। तर हामीले आ-आफ्ना गल्ती एवं कमी-कमजोरीहरूलाई चिन्न र महशूस गर्न पनि सकिरहेका हुँदैनौं। अनि कसरी बानी व्यवहार र आचरण सुधार्ने ?

त्यसैले पहिला हामीले कसैलाई कुनै कुरा गर्नु अगाडि र काम गर्नु अगाडि त्यही कुरा र काम कसैले आफू उपर प्रयोग गर्न आउँदा आफूलाई स्वीकार्य हुन्छ वा हुँदैन एकपटक जाँच्नु उपयुक्त हुनेछ। यदि आफूलाई स्वीकार्य छैन भने अरूलाई पनि उक्त कार्य स्वीकार्य हुँदैन भन्ने कुरा हामीले बुझी उक्त कार्यमा रोक लगाउनु बुद्धिमानी हुनेछ। यदि हाम्रो तर्फबाट अरूलाई गलत व्यवहार हुन पुगेमा त्यस्तो अवस्थामा आफ्ना गलती प्रति आत्मालोचना गर्नु बुद्धिमानी हुनेछ। तर पश्चाताप गरिरहनु बुद्धिमानी होइन। यस्तो अवस्थामा त्यस गलतीलाई आफ्नो तर्फबाट फेरि दोहरिन नदिन सर्तक रहनु बुद्धिमानी हुनेछ। यसको लागि हामीले आफ्नो कमी कमजोरीलाई सुधार्दै जान पाइला-पाइलामा सचेत र सजग रही आफ्नो मन र कार्यप्रति होश पुऱ्याइरहनु आवश्यक हुन्छ।

त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ–

**"अत्तना चोदयत्तान पतिमासे अत्तमत्तना**
**सो अत्तगुनो सतिमा सुखं भिक्खु विहाहिसि"**

अर्थात्– जसले अरूलाई होइन आफूले आफैलाई हरेक क्षण जाँचिरहेको हुन्छ, जसले आफूलाई कुशल कार्यमा लगाउन होशियारी बनाउँछ र संयम राख्छ, उक्त व्यक्तिको जीवन सुखमय हुनेछ।"

माथि उल्लेखित बुद्ध वचनले आफ्नो जीवन सफल र सुखी बनाउनको लागि हामीले आफूलाई होशियारी बनाउन निर्देशन दिइरहेको छ। बुद्धिमान व्यक्तिले मात्र अरूको दोष र अर्काको चेवा-चर्चा नगरी आफ्नो दोष र आफ्नो मात्र चेवा-चर्चा गरी बहिर्मुखी नबनी अर्न्तमुखी बन्न मेहनत गर्छ। किनभने आफू नसुध्रिएसम्म हामीले साँचो अर्थमा मानसिक सुख प्राप्त गर्न सक्ने छैनौं। त्यसैले हामीले आफूले आफैलाई प्रतिपल जाँच्ने र मूल्यांकन गरी कर्त्तव्यवान् र नैतिकवान् बन्न सफल हुन सकौं। आफूले आफैंलाई सुखी बनाउन सकौं। धर्मकीर्तिको सबै प्रति यही शुभकामना रहेको छ।



# धर्मले नै रक्षा गर्छ

✍ सत्यनारायण गोयन्का

आफ्नो भविष्यको सुरक्षाको लागि चिन्तित रहनु मनुष्यको स्वभाव बनेको छ । आउने समय सुखद् रहोस् सुखसयल होस् यसकारण मानिसहरू विभिन्न प्रकारले शरण खोज्दछन्, आश्रम खोज्दछन्, सहारा खोज्दछन् । तर धर्म बाहेक न त्यस्तो राम्रो शरण छ, न त्यस्तो आश्रम छ, न त्यस्तो सहारा नै छ, जसले भविष्य शंका बिहीन बनाउँछ, भय बिहीन बनाउँछ, सुखसयल परिपूर्ण बनाउँछ । त्यसैले धर्मको शरण मात्र त्यस्तो शरण हो, धर्मको संरक्षण मात्र एउटा सही संरक्षण हो । धर्म पनि त्यो हो जुन हामी भित्र जागृत भएको छ, जुन हामीले धारण गरेको छ त्यही धर्म हो । कोही अरूले धारण गरेको धर्म, कसैको भित्र जागेको धर्म हाम्रो के काम ? त्यसबाट हामीलाई प्रेरणासम्म प्राप्त हुनसक्छ, धरै भन्दा धेरै भयो भने मार्ग प्राप्त हुन सक्छ । जसको सहारामा हामी स्वयं भित्रको धर्म जागृत हुन सक्छ, आफू भित्रको प्रज्ञाको दियो बाल्न सकिन्छ परन्तु वास्तविक लाभ त स्वयं धर्म धारण गर्दा नै हुन्छ । त्यसैले धर्मको शरण लिनु भनेको वास्तवमा आफ्नो शरण नै हो । त्यसैले भगवान्ले भन्नु भएको छ– **अत्तसम्मा पणिधि च एतं मङ्गलमुत्तमं ।** अर्थात् हाम्रो उत्तम मंगल यसैमा छ कि सम्यक प्रकारले – सही तरिकाले स्वमुखि भएर अभ्यास गर्नु । कुनै बाहिरी शक्ति, बाहिरी आलम्वनबाट गरेको अभ्यासले हामीलाई दुर्बल, अरू आथि भर पर्ने र असमर्थ मात्र बनाईदिन्छ । यही आत्म द्वीप र आत्म-शरण नै हो, जुन सही अर्थमा धर्म द्वीप र धर्म शरण हो । हरेक संकटको समयमा हामी आफू भित्र धर्म जगाउनु पर्छ । आफू भित्र धारण गरेको धर्मद्वारा एउटा यस्तो सुरक्षित द्वीप बनाउनु जब हाम्रो जीवनमा डगमगाउने समय आउँछ तब सही संरक्षण पाउन सकिन्छ । संकटमा हामीलाई स्थिर सुरक्षा पाउन सकुन् ।

हामीले सुनिरहका छौं कि भगवान् बुद्धको समयमा अग्र महास्थविरहरू रोगबाट ग्रसित हुनु भएको थियो, शारीरिक दुर्बलताको कारण मानसिक दुर्बलताको शिकार हुन पुग्दछ । यस्तो समयमा अन्य साथी भिक्षुले धर्म-सूत्रको पाठ, बोध्यङ्ग सूत्रको पाठ, गरेका थिए । जुन सुनेर बिरामी भिक्षुले आफूभित्र धर्म चेतना जगाएर, बोधि-धर्म जगाएर शान्त हुन सके । यसैले यी सूत्रहरूलाई परित्राण सूत्र भनियो । बिरामी साधकहरूलाई यी सूत्र सुनेर लाभ हुनुको मुख्य कारण उनको भित्र प्रज्ञा धर्म उत्पन्न हुनु नै हो । यी सूत्र त प्रेरणा जगाउने साधन मात्र हुन् । विपश्यना साधनाद्वारा शरीरका अणु-अणुमा जुन उदय-व्यय अनुभव हुन्छ त्यसबाट नाम र रूपको निरन्तर भंग अनुभव हुन थाल्दछ । त्यही प्रज्ञा धर्म हो, जसको कारण सबै प्रकारका शारीरिक र मानसिक दुःखलाई हटाउँछ । यस्तो प्रज्ञाको जागरणका लागि कहिले काहीं धेरै जना साधकहरू रोगीको साथमा बसेर सामूहिक विपश्यना - साधना बस्दछन्, जसको कारण दुर्बल हुँदै गएको रोगीको कमजोर भएको प्रज्ञा जागृत भएर नयाँ सबल प्रज्ञा जाग्न थाल्छ ।

सायद त्यस समयमा रोगी साधकलाई विपश्यना साधनाको चेतना जगाउनको लागि उनको हातमा सूत्र-धागो बाँधिन्थ्यो र लामो धागोको अर्को छेऊ अन्य साधकले समातेर बोध्यङ्ग जस्तो परित्राण सूत्रहरू पाठ गरिन्थ्यो र साधना गरिन्थ्यो; जसबाट रोगीको कमजोर भएको धर्म चेतना जागृत हुन थाल्दथ्यो । छिमेकी बौद्ध देशमा आज पनि यस्तो रक्षा-सूत्र बाँधेर परित्राण सुत्तको पाठ गर्ने प्रचलन छ । परन्तु कतै भने यो एउटा निर्जीव रूढी परम्पराको रूपमा मात्र बाँकी छ । एउटा अन्ध विश्वासको परम्पराको रूपमा मात्र बाँकी छ । यदि यस्तो परित्राण पाठ गर्नेहरू र यी सूत्त धारण गर्नेहरूले आफू भित्र विपश्यनाको चेतना जगाएर रोगी प्रति मंगल मैत्री प्रवाहित गरेको भए ती रोगी व्यक्ति यदि विपश्यी साधक हो भने स्वयं आफू भित्र विपश्यनाको चेतना जगाउन

सक्थ्यो । ती धर्म तरंगले प्रज्ञा जागृत भएर निश्चय पनि उसले धर्मको संरक्षण पाउँदथ्यो । अन्यथा यो परम्परा एउटा निष्प्राण औपचारिकता मात्र हो । मुख्य कुरा यही कि हामी आफू भित्र प्रज्ञा जागृत राख्नु पर्छ । यसको लागि समाधि पुष्ट गरेर आफ्नो चित्तको एकाग्रता पुष्ट हुनु पर्‍यो र कायिक, वाचिक दुष्कर्म हुनबाट बचेर शीललाई अखण्डित पालन गर्नुपर्‍यो । शील, समाधि र प्रज्ञाको यो विशुद्ध धर्म हामी स्वयं आफू भित्र जति सुरक्षित राखिन्छ त्यति-त्यति धर्म विहारी बनिन्छ, त्यति-त्यति नै स्वयंले धारण गरेको धर्मद्वारा, आफूले पालन गरेको धर्मद्वारा, स्वयं आफूले सुरक्षित गरेको धर्मद्वारा आफ्नो सुरक्षा र संरक्षण भएको पाईन्छ । भगवान्ले ठीक भन्नुभएको छ– **"धम्मो हवे रक्खति धम्मचारिं"** धर्मचारीको आचरण गर्नेलाई धर्मले रक्षा गर्दछ । त्यसैले आफ्नो सही सुरक्षाको लागि आफू सही धर्मचारी बन्नु, धर्म-बिहारी बन्नु धर्म-पालक बन्नु । यसैमा हाम्रो मंगल छ, भलो छ, कल्याण छ ।

*साभार- 'विपश्यना' बुद्ध वर्ष २५६८,*
*बि.सं. २०८१ पौष, वर्ष ४१, अङ्क ९*

■

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्भन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*१९९४ असार ४ गते*

*दिवंगत :*
*२०८१ माघ ७ गते*

## दिवंगत मदन मान तुलाधर, ङत

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया दुजःपिं नानीहेरा तुलाधरया जहान, सुनहेरा तुलाधरया अबुजु, ङत तुलाधर क्वाथ्‌चो कवःया थाकुली भाजु मदन मान तुलाधर दिवंगत जुयादिल । वय्‌कलं थःगु जीवनय् संचय यानादीगु पुण्य शक्तिं परलोक जीवन सुगतिमय जुयाः निर्वाण हेतु चूलाय्‌मा धकाः आशिका यासे पुण्यानुमोदन यानागु जुल ।

**धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः**
**धर्मकीर्ति विहार, श्रीघः नघः, काठमाडौं**

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्भन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*बि.सं. २००९ आश्विन*

*दिवंगत :*
*बि.सं. २०८१*
*पौष २३ गते, मंगलबाः*

## दिवंगत उपासिका प्रभावती महर्जन

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःया हनेबहःम्ह दुज उपासिका प्रभावती महर्जन ध्यानभावनाय् मेहनती जुयाः ध्यान यायां हे थःगु नश्वर देह त्याग यानादीम्ह खः । वय्‌कःया पुण्य शक्तिं वय्‌कःयात सुगति लिसें निर्वाण हेतु चूलाय्‌मा धकाः आशिका यासे पुण्यानुमोदन यानाच्वना ।

**धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः**
**धर्मकीर्ति विहार, श्रीघः नघः, काठमाडौं**

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्भन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*१९९७ चैत्र २३ गते*

*दिवंगत :*
*२०८१ माघ ५ गते*

## दिवंगत उपासक पन्नाकाजी शाक्य

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःया हनेबहःम्ह दुजः, धार्मिक व सामाजिक ख्यलय् अतिकं मन क्वसाःम्ह थाय्‌पाः आजु पन्नाकाजी शाक्य दिवंगत जुयादिल । वय्‌कलं थःगु जीवनय् यानादीगु कुशल कार्यया आनुभावं सुगति व निर्वाण हेतु चूलाय्‌मा धकाः पुण्यानुमोदन यानाच्वना ।

**धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः**
**धर्मकीर्ति विहार, श्रीघः नघः, काठमाडौं**

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



*जन्म :*
*२००८ भाद्र ७ गते*

*दिवंगत :*
*२०८१ माघ १७ गते*

## दिवंगत उपासिका बेखा माया डंगोल

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य उपासिका बेखा माया डंगोल दिवंगत हुनुभयो । आफ्नो जीवनकालमा उहाँले सच्चय गर्नुभएका पुण्य शक्तिले उहाँको परलोक जीवन सुगतिमय भई निर्वाण हेतु प्राप्त होस् भनी कामना गरी पुण्य अनुमोदन गर्दछौं । यस दुखद् घडीमा उहाँका सपरिवारले बुद्ध शिक्षा त्रिलक्षण स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन भनी कामना पनि गर्दछौं ।

भवतु सब्ब मंगलम् ।

**धर्मकीर्ति पत्रिका परिवार**

**धर्मकीर्ति विहार, श्रीघः नघः, काठमाडौं**

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



*जन्म :*
*बि.सं. २००१ पौष*

*दिवंगत :*
*बि.सं. २०८१ पौष ४ गते*

## दिवंगत उपासिका कमला वज्राचार्य

वसन्तपुर, काठमाडौं

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य उपासिका कमला वज्राचार्य ८० वर्षको उमेरमा दिवंगत हुनुभयो । उहाँले आफ्नो ८० वर्षको जीवन अवधिभर जति पनि कुशल कर्महरू रोपी पुण्य सञ्चय गर्नुभएको छ, उक्त पुण्य शक्तिले उहाँलाई सुगति एवं निर्वाण हेतु प्राप्तीको लागि हेतु बनोस् भनी पुण्यानुमोदन गर्दछौं । उहाँका परिवारजनले यस दुःखद् घडीमा संसारको त्रिलक्षण स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन भनी कामना पनि गर्दछौं । भवतु सब्ब मंगलम् ।

**धर्मकीर्ति पत्रिका परिवार**

**धर्मकीर्ति विहार, श्रीघः नघः, काठमाडौं**

धम्मपद



# भिक्षु वर्ग

भावानुवाद : **सत्यमोहन जोशी**

मिखा न्हाय्पं वशे तय्गु भिं धका सीकि सो मनं ।
न्हाय् म्हुतुनं वशे तय्गु भिं धका सीकि सो मनं ॥१॥

देह मन तथा वाणीयागु संयम भिं हनं ।
सर्वेन्द्रिय वशे तःपिं भिक्षु ज्वी मुक्त दुःख-लं ॥२॥

ल्हाहा तुति तथा वाणीयागु संयम दै सुया ।
उत्तम संयमी धाय्का ध्यान योगादि दै सुया ॥
एकान्त बास यानालि धैर्य सन्तोष दै सुया ।
सकल गुण सम्पन्नं 'भिक्षु' नां योग्य ज्वी उया ! ॥३॥

वाणीया संयमी जूम्हं खँ ल्हाई विधि पूर्वक ।
चंचलता विना, नम्रं अर्थ धर्म कनी अभ्क ॥४॥

धर्मया चिन्तना चर्चा अनुस्मरण वन्दना ।
याःम्ह भिक्षु मजू च्यूत सत्य धर्म कुतुं वना ॥५॥

थःगु लाभ जुया च्वोंसा याय्मते अवहेलना ।
पर लाभ जुया च्वोंसा याय्मते द्वेष चिन्तना ॥
पर लाभे इर्ष्यायाह्म चंचल जूम्ह भिक्षुया ।
प्राप्त ज्वी मखुसो लोके समाधि मागु चित्तया ॥६॥

भतिचां लाभ जूसाँहे मयासा अवहेलना ।
'शुद्धजीवि' धका देवं वैत वी 'शुभकामना ॥७॥

'थःगु' धैगु सुया छुं हे मदु थ्व जगते गन ।
असत्गुला निशोकिम्ह वहे खः भिक्षु सो थन ॥८॥

बुद्धया शासने चोनां मैत्रिय भावना तया ।
संस्कार शान्त्वना याना चोंम्ह भिक्षु सुखी सदा ॥९॥

लः ह्वलालि हलूका या देह-डुंगा खना मनं ।
राग व द्वेष स्यंका छ्व निर्वाण प्राप्त या हनं ॥१०॥

न्यागुया हा सधां त्वाल्हा, न्यागूया जड त्यागया ।
न्यागूया भावना प्रेमं, भिक्षु न्यागू व पारया ॥११॥

भावया, ध्यान या भिक्षु ! बेहोसी तर ज्वी मते ।
काम व भोगया चक्रे थःगु व चित्त छ्वे मते ॥
प्रमत्तम्ह जुया म्वाकं नँया ग्वारा नये मते ।
धाय् म्वालेमा लिपा तापं 'दुःख जुल धका हरे !" ॥१२॥

अस्थिर ज्वी विना प्रज्ञा, अस्थिरम्ह अपण्डित ।
प्रज्ञा व स्थिरता दःसा निर्वाण पद भूषित ॥१३॥

एकान्त वास या प्रेमी, सम्यक् धर्मे महामुनि ।
जूम्ह व भिक्षुया चित्ते दै लोकोत्तरया रुचि ॥१४॥

प्रीति; प्रसन्नता रूपी अमृत उलि प्राप्त ज्वी ।
भिक्षुं विना उत्पत्ति गुलि खः स्कन्धयागु सि ॥१५॥

"नित्य संयम, सन्तोष, भिक्षु नियम पालन" ।
थुलि थ्व मुख्य कर्तव्य बुद्धिमान् भिक्षुया थन !
सत्संगत् नित याय्मा वं शुद्ध आजिविका दुम्ह ।
निरालस जुया चोंम्ह मित्रनाप भिनि गुम्ह ॥१६॥

सेवा सत्कार याय् सय्की आचरण सधां कया ।
याय् फै दुःखया अन्त आनन्दित थुकिं जुया ॥१७॥

राग व द्वेष हाय्का छ्व, हे भिक्षु छिमिसं मनं ।
जीस्वांमां नित हाय्कूथे गंगु पुलांगु स्वां फुकं ॥१८॥

काय् वाक चित्त सुया शान्त समाधि युक्त ज्वी सुया ।
मदु छुं हे सुया भोगे, सो 'उपशान्त' नां उया ! ॥१९॥

स्वयं थःन सुना थःनं होसयाना लना स्वई ।
स्मृतिमान् संयमी भिक्षु जुया वं सुखसँ च्वनी ॥२०॥

मनू धैम्ह स्वयं स्वामी, मनू धैंम्ह स्वयं गति ।
उकिं संयत या थःत बेपारिं सलया सरि ॥२१॥

बुद्धया शासने श्रद्धा दुम्ह शान्तगु चित्तम्ह ।
भिक्षुं संस्कार स्यंकाली ज्वनी सो पद उत्तम ॥२२॥

बुद्धया शासने चोंम्हं ज्ञानं थुसें निसें नित ।
सुपाचं मुक्त चन्द्र थें लोक याई प्रकाशित ! ॥२३॥





# पट्ठान एक चिनारी–२

✍ अग्गञाणी गुरुमां 'धम्माचरिय'

**८. निस्सयपच्चयो (निश्रयप्रत्यय आधार भएर उपकार गर्ने धर्म)**

घर, बोटबिरुवा, रूखले पृथ्वीको आधार लिन्छन् । पृथ्वीले बोटबिरुवाका लागि आधार बनेर सहयोग गरे जस्तै रूपधर्मले पनि चित्त चैतसिक धर्महरूका लागि आधार भएर उपकार गर्ने स्वभाव निश्रयप्रत्यय हो ।

चक्षुविज्ञान चित्त उत्पन्न हुनलाई आँखा नभई हुँदैन । आँखाभित्र चक्षुप्रसाद (आँखाको भित्र नानीमा चक्षुप्रसाद रूप धेरै समूह जम्मा भएर फिजिरहेको हुन्छ । चक्षुप्रसाद रूपको आधार लिएर चक्षुविज्ञान चित्त उत्पन्न हुन्छ । यसरी चक्षुप्रसाद (चक्षु आयतन) ले चक्षुविज्ञान चित्त, चैतसिकहरूलाई निश्रयप्रत्ययशक्तिले उपकार गर्दछ । त्यस्तै नै श्रोतप्रसाद (श्रोत- आयतन) ले श्रोतविज्ञान चित्त, चैतसिकहरूलाई निश्रयप्रत्ययशक्तिद्वारा उपकार गर्दछ । अरू बाँकी भएकोलाई पनि यसरी नै बुझ्नु पर्दछ ।

**९. उपनिस्सयपच्चयो (उपनिश्रयप्रत्ययः बलियो आधार भएर उपकार गर्ने धर्म)**

बोट बिरुवा, रूख आदि वर्षामा भर परे जस्तै कुशल, अकुशलहरू श्रद्धा इत्यादि धर्म, व्यक्ति, ऋतु, भोजन, स्थानमा भर परी उत्पन्न हुन्छन् । वलियो आधार भएर उपकार गर्ने स्वभाव उपनिश्रयप्रत्यय हो ।

श्रद्धाको बलियो आधार लिई दान, शील, उपोसथव्रत, धर्मश्रवण, भावना आदि कुशल धर्म गर्दछ । यसरी श्रद्धाले दान शील आदि कुशल धर्मलाई उपनिश्रयशक्तिद्वारा उपकार गर्दछ ।

लोभ, द्वेष आदिको आधार लिई प्राणीहिंसा, चोरी आदि अकुशल कर्म गर्दछ । यसरी लोभ, द्वेष आदिले प्राणीहिंसा, चोरी आदि अकुशललाई उपनिश्रयशक्तिद्वारा उपकार गर्दछ ।

उपनिश्रय व्यापक भएको प्रत्यय हो । यो सारा संसार यसभित्र समावेश भइरहेको छ । कुनै व्यक्तिले दान इत्यादि कुशल धर्म गरिसकेपछि "म जस्तो दान गर्नसक्ने अरू कोही छैन" भनेर आफूले गरेको दानको आधार लिई अभिमान गर्दछ । यहाँ दान दिनु कुशल धर्म हो भने अभिमान गर्नु अकुशल हो । यसरी कुशल धर्मले अकुशल धर्मलाई उपनिश्रयशक्तिद्वारा सहयोग गरेको हुन्छ । कसैले देवलोकमा उत्पन्न हुने कामना गरी शील पालन गर्दछ । देवलोकको चाहना गर्नु लोभ अकुशल हो भने शील पालन गर्नु कुशल धर्म हो । यसरी यहाँ अकुशलले कुशललाई उपनिश्रयप्रत्ययशक्तिद्वारा सहयोग गरेको छ ।

कुनै व्यक्तिले पापीको सहयोग लिएर (संगत गरेर) प्राणीहिंसा, चोरी इत्यादि पापकर्म गर्दछ । कसैले कल्याणमित्रको संगत गरेर शील, समाधि, प्रज्ञा धर्म आचरण गर्दछ । त्यस वेला व्यक्तिको आधार लिई अकुशल वा कुशल उत्पन्न हुने व्यक्तिले कुशल वा अकुशललाई उपनिश्रयप्रत्ययशक्ति द्वारा उपकार गरेको हुन जान्छ । यसरी अनुकूल वा प्रतिकूल मौसम, भोजन र वासस्थानले पनि कुशल वा अकुशल उत्पन्न हुन उपनिश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

**१०. पुरेजातपच्चयो (पूर्वजातप्रत्ययः पहिला उत्पन्न भएर उपकार गर्ने धर्म)**

आमाबुवाले छोराछोरीहरूलाई उपकार गरेजस्तै अथवा कल्प उत्थान भएदेखि नै चन्द्र सूर्यको प्रकाशले सत्त्वप्राणीहरूलाई गरे जस्तै पहिला उत्पन्न भएर पछि उत्पन्न हुने धर्महरूलाई उपकार गर्ने स्वभाव पूर्वजातप्रत्यय हो ।

चक्षुविज्ञान चित्त उत्पन्न हुन हामीसंग चक्षुप्रसाद रूप पहिले नै हुनुपर्दछ । त्यस्तै नै विषयवस्तु पनि पहिले नै हुनुपर्दछ । त्यसो भए मात्र चक्षुविज्ञानचित्त उत्पन्न

हुन्छ । यस्तो हुनुलाई चक्षु आयतनले चक्षुविज्ञानलाई पूर्वजातप्रत्ययशक्तिद्वारा उपकार गरेको भनिन्छ । त्यसरी नै रूपायतनले पनि चक्षुविज्ञानलाई पूर्वजातप्रत्ययशक्तिद्वारा उपकार गर्दछ । श्रोतविज्ञान आदिलाई पनि यसरी नै बुझ्नुपर्दछ ।

**११. पच्छाजातपच्चयो (पश्चात् जातप्रत्यय : पछि उत्पन्न भएर उपकार गर्ने धर्म)**

छोराछोरीहरूले आमाबुवाहरूलाई सहयोग गरे जस्तै पछि उत्पन्न हुने चित्तले अगाडि उत्पन्न भएका रूपसमूह (शरीर) लाई उपकार गर्न स्वभाव पश्चात्जातप्रत्यय हो शरीर थाकिरहेको बेलामा ध्यान भावना गरेर चित्त स्थिर भई ध्यान बलियो भयो भने थकाइ हटेर शरीरमा स्फूर्ति वृद्धि हुन्छ । यसपछि उत्पन्न भएको चित्त, चेतसिक धर्महरू अगाडि उत्पन्नभएको शरीरलाई पश्चात्जातप्रत्ययशक्तिले उपकार गर्दछ ।

**१२. आसेवनपच्चयो (आसेवनप्रत्यय : बारम्बार सेवन गरेर उपकार गर्ने धर्म)**

काठको टेबलमा बारम्बार पालिस राख्यो भने टल्के जस्तै, वारम्बार राम्ररी पढ्दा बुझ्ने जस्तै, कुनै काम बारम्बार गर्दा दक्ष भएजस्तै बारम्बार सेवन गरेर उपकार गर्ने स्वभाव आसेवन प्रत्यय हो । अगाडि-अगाडि उत्पन्न भएको कुशल अकुशलले पछिपछि उत्पन्न हुने कुशल अकुशललाई आसेवन प्रत्यय शक्तिले उपकार गरेको हुन्छ । आसेवनप्रत्ययशक्तिले गर्दा पछिपछि उत्पन्न हुने कुशल वा अकुशलहरू झन्-झन् बलबान् हुन्छन् ।

**१३. कम्मपच्चयो (कर्मप्रत्ययः कर्म भएर उपकार गर्ने धर्म)**

बीज पलाएर जरा, डाँठ, हाँगा-बिँगा बनेर फूल फुल्न, फल फल्न उपकार गरे जस्तै कुशल वा अकुशल कर्मले यस जन्ममा मात्र होइन निर्वाण प्राप्त नभएसम्म जन्म-जन्मान्तर फल दिएर उपकार गर्ने स्वभाव कर्मप्रत्यय हो । कर्मको स्वरूप चेतना हो । भगवान् बुद्धले आज्ञा हुनुभएको छ– "**चेतनाहं भिक्खवे कम्मं वदामि**" अर्थात्– "भिक्षुहरू ! म चेतनालाई नै कर्म भन्दछु ।" चेतनायुक्त भएको शरीर, वचन र मनले गर्ने काम, कुरा, बिचार नै कर्म हो । शरीर, वचन र मनले सुचरित्र कर्म गऱ्यो भने यसै जीवनमा शरीर, वचन र मन कोमल, नरम, सभ्य हुने फल पाउँछ, सुखपूर्वक जीवन जिउन पाउँछ, मरणपछि पनि सुगतिमा जन्म लिन पाउँछ । दुश्चरित्र पापकर्म गऱ्यो भने यसै जीवनमा जङ्गली, असभ्य स्वभावको भई दुःखपूर्वक जीवन जिउनुपर्ने हुन्छ । मरणपछि दुर्गतिमा पतन हुन्छ । यसरी राम्रो-नराम्रो कर्मले फल दिइरहेको हुन्छ । राम्रो नराम्रो कर्मले सुख, दुःख हुने प्रतिफललाई कर्मप्रत्ययशक्तिले उपकार गर्दछ । कर्मप्रत्ययशक्तिको उपकारको कारण राम्रो-नराम्रो कर्मले सुख वा दुःख फल दिइरहेको हुन्छ ।

**१४. विपाकपच्चयो (विपाकप्रत्यय : फल भएर उपकार गर्ने धर्म)**


कुशल वा अकुशल कर्मको फललाई विपाक भनिन्छ । विपाक उत्साह, व्यापाररहित भएर शान्त स्वभावको हुन्छ । जागिरबाट अवकाश प्राप्त व्यक्तिले आनन्दपूर्वक पेन्सन उपभोग गरे जस्तै विपाक धर्महरूले शान्त स्वभावको भएर एकले अर्कोलाई उपकार गर्छ ।

**१५. आहारपच्चयो (आहारप्रत्यय टेवा दिएर उपकार गर्ने धर्म)**

भत्कन लागेको घरलाई टेवा दिने टेको (आधार) जस्तै स्कन्ध (शरीर) लाई लामो समयसम्म संचालन गर्नको लागि टेवा दिने स्वभाव आहारप्रत्यय हो । भत्किन लागेको घरलाई टेवा दिएन भने वर्षा, हावाहुरीले त्यसलाई भत्काउन सक्छ । त्यस्तै सत्त्वप्राणीहरू आहार सेवन विना लामो समयसम्म जीवित रहन सक्दैनन् ।

आहार रूपआहार र नामआहार भनेर दुई प्रकारका छन् । खानपानमा भएको ओज (पौष्टिक तत्त्व) लाई रूप आहार भनिन्छ । उचित आहार खानपान गऱ्यो भने उक्त खानपानमा भएको ओजले राम्रा रूपहरू वृद्धि गरेर हृष्टपुष्ट, स्वस्थ र दीर्घायु बनाइदिन्छ । प्रतिकूल आहारमा भएको ओजले नराम्रा रूपहरू वृद्धि गरेर अस्वस्थ र अल्पायु बनाइदिन्छ । यसरी रूप आहारले स्कन्ध (शरीर) लाई रूपआहारप्रत्ययशक्तिद्वारा उपकार गर्दछ । स्पर्श, चेतना र विज्ञानलाई नाम आहार भनिन्छ । नामधर्मलाई निरन्तर उत्पन्न भइरहनमा नाम आहारले टेवा दिन्छ । यिनीहरूले सम्बन्धित फलधर्महरूलाई नामआहारप्रत्ययशक्तिद्वारा उपकार गर्दछन् ।

*क्रमशः अर्को अङ्कमा ...*



# बुद्धया सः

✍ **कुसलञाणी गुरुमां**
*रत्न विपश्यना विहार*

**१. न्ह्य् खँ :**

लोकय् थी थी सःदु । मनू, भ्रंग पन्छी, जीवजन्तु, किइपतङ्ग आदितये नं थः थः किसिमया सः दु । अथे हे प्राकृतिकरूपं वाः वइगु, फय् वइगु, नं न्याइगु आदि किसिमं नं सःत दु । सः यात न्यना हे छु जुया च्वंगु खः धका सिके फैइगु खः । हानं सः या आधारं हे न्हिलाः च्वम्हेसित ख्वयेकि फु व ख्वया च्वंम्हसित न्हिंके फु । नापं सः नं हे थःम्ह कनी त्यनागु खः बाँलाक थुइक कनी फैइगु खः ।

लोकय् स्वंगू कोलाहल (हाःसः) उत्पन्न जुइ । उकीमध्ये बुद्ध कोलाहल नं छगू खः । बुद्ध कोलाहल जुइगु इलय् लोकपाल द्यपिं मनुष्यलोकय् द्वछि दँ लिपा लोकय् बुद्ध उत्पन्न जुइ धकाः तसकं हाःला उखें थुखें चाहिला जुया च्वनी । उगु कोलाहलया शब्द न्यना फुक्क द्यपिं छगु चक्रवालय् मुना चतुमहाराजिका, शक्र, सुयाम, सन्तुसित, सुनिमित्त, वसवत्ति व महाब्रह्मापिं नापं तुषित भवनय् बोधिसत्वया लिक्क वना प्रार्थना या वनी । कल्याणम्ह पासा ! छलपोलं शक्र सम्पत्ति, मारसम्पक्ति, ब्रह्मसम्पक्ति, चक्रवत्तिसम्पक्तिया प्रार्थनायाना दश पारमी पुरा याना बिज्यागु मखु । कल्याणम्ह पासा ! थ्व ई छलपोलया नितिं बुद्धत्व लाभ जुइगु समय खः धका प्रार्थना याना बिज्याइ । वसपोल महासत्वं द्यपिनितं प्रतिज्ञा मबिउसे हे काल, द्वीप, देश, कुल व माँया आयु फुइगु आकारं पञ्चमहाविलोकनं धका स्वया बिज्याइ । (**कालदीपदेसकुलजनेत्तिआयुपरिच्छेदवसेन पञ्चमहाविलोकनं नाम विलोकेसि ।**)

शाक्यमुनि गौतम बुद्धं जन्म मरणया संसारय् सत्व प्राणीपिं चाःचाःहिला च्वनी माःगु कारणयात सिकि बिया नितिं प्रज्ञाधिक सम्यक् सम्बुद्ध जुइत प्यंगू असंख्य व छगू लाख कल्प तक स्वीगू पारमी धर्म पूर्ण याना बिज्यात । वसपोलं संसार चक्र फ्वचाकेत शरीर, वचन व मनंया ज्याः खँ शुद्ध यायेमाःगु खँ सिका बिज्यात । आर्य अष्टाङ्गिक मार्ग हे सम्पूर्ण दुःखयात निरोध याना छ्वय फैइगु त्रिविध शिक्षायात देशना याना बिज्यात । उगु त्रिविध शिक्षा दुने शील शिक्षां शरीर व वचनयात शुद्ध सफा याइ खःसा समाधि व प्रज्ञा शिक्षा मनय् च्वंगु क्लेशरुपी खितियात ल्यःपुल्यः मदयेक सफा याना बिइ ।

शील शिक्षाय् दुने न्हापा सम्यक् वचन लाः । सम्यक् वचन धकाः मखुगु खँ (मुसावादा), चुग्ली खँ (पिसुणवाचा), छाकः खँ(फरुसवाचा) व वखँ फुस्लु खँ ल्हाइगु (सम्फप्पलापवाचा)पाखें तापाना च्वनीगु खः । बुद्धं अभिधर्मया पुग्गलपञ्ञत्तिं स्वगू प्रकारया पुद्गल वा मनूत धका कना बिज्याना तःगु दु । **तयो पुग्गला – गूथभाणी, पुप्फभाणी, मधुभाणी** । अर्थात् – स्वंम्ह पुद्गलपिं – मस्यूसाः जिं स्यू, स्यूसाः जिं मस्यू, मखंसा जिं खं, खंसाः नं जिं मखं धका थःगु कारणं व मेपिनिगु कारणं वा छुं वस्तु लाभया नितिं सिइकं सिइकं मखु खँ ल्हाइम्ह व्यक्ति **नवःम्ह घचाःगु खँ ल्हाइम्ह** (**गूथभाषी**) खः । सिइकं सिइकं मखु खँ मल्हाइम्ह मनू स्वां थें **नरम खँ ल्हाइम्ह** खः । न्हयपंयात शीतल जुइक, मनय् थिइकः व यक्वसित यःयेक कस्ती थें **चाकूकः खँ ल्हाइम्ह** (**मधुभाषी**) खः । बुद्ध स्वयम् नं मधुर सः दुपिंमध्ये लकुण्टक भद्दिय व कल्याणभाषी दुपिंमध्ये कुटिकण्ण सोण सर्वश्रेष्ठ खः धका उद्घोष याना बिज्यात ।

**२. विश्लेषण :**

**२.१ बुद्धया सः समानम्हं भ्रंगः :**

भगवान् बुद्धया परिनिर्वाण जुया बिज्यानाः निसः व भिंच्यादँ लिपा अशोक महाराजाया पालय् पाटलीपुत्र (थौंकने पटना) य् अधर्मवादीतय्त दमन यायेया नितिं तृतीय संगायान जुगु खः । वयेकया महारानी असन्धिमित्रां छकः भन्तेपिन्त सम्बोधन याना भगवान् बुद्धया लिसें ज्वला गु सः सुया दु धका संघयात न्यन । भन्तेपिन्सं हिमवन्तय् करवीक भ्रंगःया सः भगवान् बुद्धया लिसे ज्वलाः धका

धया बिज्यात । महारानी करवीक भ्रंगः यात स्वयेगु इच्छा यागुलिं जुजु लुयागु पञ्जयात आज्ञा बिया पञ्ज ब्वया वना करवीक भ्रंगःया न्ह्यनी दित । जुजुया आज्ञां वःगु पञ्ज जुयागु निर्तिं करवीक भ्रंगः दिना मच्वसे जुजुया आज्ञा कथं पञ्जलय् थुहाः वन । उगु पञ्ज ब्वया जुजुया न्ह्यनेतु थ्यन ।

करवीक भ्रंगः दसाः नं सुना नं वया सः पिकायेकि मफुत । अले राजा सम्बोधन याना, थ्व भ्रंगः नं सः छाय् पिमकागु धकाः न्यन । देव ! थःथिति मखंगुलि धका धाल । अले वयात जुजुं न्हाय्कं छचाःलि तयेकि बिल । करवीक भ्रंःग नं थःगु रूप खना जिमि थःथितिपि वल धका बिचाः याना पपूं ताल बिया मधुर सःनं मणिया बासुरी पुइ थें हाल । फुक्क शहरया मनुत मन्त्रमुग्ध जु थें न्हाइपुका च्वन । असन्धिमित्रां थ्व भ्रंगःया थुलि मधुर सः, सर्वज्ञ ज्ञान श्रीलय् थ्यम्हः भगवान्या सः गथें जुइ धका प्रीति उत्पन्न याना व प्रीति त्वमफिकुसे विपश्यना भावना तनं तं वृद्धियाना न्हेसः पिया च्वपिं मिसाःतःसहित स्रोतापत्तिफलय् थ्यन ।

महावग्गट्ठकथाय् हे करवीक भिंगया विशेषताया रूपय् हिमवन्तप्रदेशय् मधुररस दुगु अँया म्हुतु सुया पिहावगु रस त्वना पपुपाखें ताल बिया सः पिकाइ बलय् प्यपांचुपिं जीवजन्तु नशां कापि थें म्हितिगु शुरु याइ । नसाः मावंपिं प्यपांचुपिं जीवजन्तुपिं म्हुतुइ नयाच्वंगु घ्याँयात त्वता उगु सः न्यंनी । हिंस्रक जीवजन्तुं चिकिधंपिं मृग तयेत लिना ल्ह्वना च्वंगु तुति क्वे मतःसे दिना च्वनी । अथे हे लिका च्वंपिं मृगत नं सिइ मानिगु भययात वांछ्वया दना च्वनी । आकाशय् ब्वया च्वंपिं भ्रंग पंक्षीत नं पपु ब्वयेका तुं उगु शब्द न्यना च्वनी । लःखय् नं न्याःत न्ह्येपं बिया उगु शब्द न्यना च्वनी । थथे मधुर सः करवीक भिंगया दु ।

**२.२ सम्यक् वचन पूर्ण याना बिज्यागु बोधिचर्या**

शाक्यमुनि गौतम बुद्धं बोधिसत्व जुया नीप्यम्ह तथागतया उपदेश शासनय् जक जन्म जुया बिज्यात । उकी नं भिंन्गूको जक मनू जुया जन्म जुया बिज्यात । थुलि म्हो जक मनू जुया बिज्याना वचन पाखें जुइगु दुकृत्य पाखें तापाना सुचरित्र याना बिज्यात । दीघनिकायया लक्खण सूत्रय् भगवान् बुद्धं स्वीनिता महापुरूष लक्षणमध्ये मनू जुया सम्यक् वचन न्ववाना बिज्यागु कारणं यानाः थुगु थुगु शारीरिक लक्षण व लक्षणया फल क्यना बिज्यान तःगु दु ।

वसपोलं वचन पाखें मनू जुया मृषावाद त्याग याना, मृषावादं विरत जुया च्वनिम्ह खः । सत्यवादी जुया च्वनिम्ह खः । सत्य खँय् च्वनिम्ह खः अथे हे विश्वसनीयगु यथार्थगु खँ ल्हाइम्ह खः, लोकयात छले याइगु खँ ल्हाइ मखुम्ह खः । उगु पुण्य सम्यक्सम्बुद्ध जुया बिज्याबलय् **चिमिसा प्वाः पतिकं छपु छपु जक चिमिसा दुम्ह जुया व न्हातिकया दथुइ मसिनगु कपाय्या भुवाथें तुयूगु चिमिसा दुम्ह** निगू महापुरूष लक्षण लाभ याना बिज्यात । थुजागु लक्षणं युक्त जुया बुद्ध जुया भिक्षु, भिक्षुणी, उपासक, उपासिकापिं, देव, मनुष्यपिं, असुर, नाग, गन्धर्व वसपोलया समीपवर्ती जुगु खः ।

वसपोलं मनू जुया पिशुण वाचा (चुक्ली) खँ ल्हायेगु त्याग याना, चुक्ली खँ ल्हायेगुलिं अलग जुया च्वनिम्ह खः । थः नं खँ न्यना मेपिंत फायेत अन कनिम्ह जुइ मखु, अन खँ न्यना थन कनिम्ह जुइ मखु, मिले मजूपिंत मिले याइम्ह खः, मिले जूपिंत भन क्वातुका बिइम्ह खः, मिलेचले जुइगुलि न्ह्याइपु ताइम्ह खः, मिलेचले जुइगुलि लय् ताइम्ह खः व मिलेचले जुइगुलि आनन्द ताइम्ह खः, मिलेचले जुइकेगु खँ ल्हाना जुइ म्ह खः । उगु पुण्य कर्म याना अन्तिमगू जन्मय् **पीपू वा दुम्ह, अविरल दन्त दुम्ह** निगू महापुरूष लक्षण लाभ जुल । बुद्ध जुया अभेद्य (फाये मफुगु) परिषद् दत, वया परिषद् भिक्षु, भिक्षुणी, उपासक, उपासिकापिं, देव, मनुष्यपिं, असुर, नाग, गन्धर्वपिं अभेद्य जुल ।

वसपोलं फरूष वचन (नुगलय् स्याकेगु खँ) त्याग याना फरूष वचनं अलग जुया च्वनिम्ह खः । गुगु वचन निर्दोषपूर्णगु खः, न्हाय्पं याउँसे च्वनिगु खः, न्यने यइपुगु खः, नुगलय् दुहाँ वनिगु खः, सकसितं यःगु, यइपुगु, मन लय्ताइगु खः उजागु खँ ल्हाइम्ह खः । उगु पुण्य कर्म याना बोधिसत्वया अन्तिम जन्मय् निगू महापुरूष लक्षण **ताहाकगु म्ये दुम्ह व ब्रह्मस्वर दुम्ह, करवीकभाणी (स्पष्ट व मिठास सः दुम्ह**) लाभ जुल । थुजागु लक्षणं युक्त जुया बुद्ध जुया स्वागत वचन, वसपोलया खँ भिक्षु, भिक्षुणी, उपासक, उपासिकापिं, देव, मनुष्यपिं, असुर, नाग, गन्धर्वपिसं न्यन ।

वसपोलं मनू जुया सम्प्रलाप (म्वाः मदुगु खँ) वचन त्याग याना सम्प्रलाप वचनं अलग जुल । कालवादी,

भूतवादी, अर्थवादी, धर्मवादी, विनयवादी, ल्हाकाः तःगु सम्पत्तिया मूल्य थें खँ ल्हाइम्ह खः । ई ब्यः व कारणयात विचा याना अर्थ सहितगु मात्राछि खँ ल्हाइम्ह खः । उगु पुण्य कर्म याना बोधिसत्वया अन्तिम जन्मय् **सिंहहनु (सिंहया थें मन्चा) दुम्ह** महापुरुष लक्षण लाभ जुल । थुजागु लक्षणं युक्त जुया बुद्ध जुइ बलय् राग, द्वेष, मोह – दुनेया शत्रुपिंत व सुनं श्रमण वा ब्राह्मण वा देव वा मार वा ब्रह्मा वा संसारया पिनेया सुनं शत्रुतयसं विध्वंस याये मफुगु खः ।

**२.३ ब्रह्म सः**

महानिद्देशपालिय् **अट्ठङ्गसमन्नागतो खो पन तस्स भगवतो मुखतो घोसो निच्छरति एवं – विस्सट्ठो च विञ्ञेय्यो च मञ्जु च सवनीयो च बिन्दु च अविसारी च गम्भीरो च निन्नादि च** । अर्थात् – च्यागू अंगं सम्पन्न जुयाच्वम्ह उम्ह भगवानया म्हुतु उद्घोष पिहाः वई । थथे स्पष्ट, थुइके अपुइ, न्येनी बलय् न्ह्यपुइसे च्वनी, श्रवणीय जुई, एकत्रित, सः छ्यालब्याल जुइ मखु, गम्भीर व गुञ्जयमान् जुइ ।

महावग्गट्ठकथा सनङ्कुमारकथावण्णना अनुसार **विस्सट्ठो** धका पंगकचिंग विना हे प्रकट जुइगु जुया बुद्धया सः स्पष्ट जुइ । **विञ्ञेय्यो** धका अर्थ थुइके अपुइ, विस्सट्ठो (स्पष्ट) या कारण गुणं याना विञ्ञेय्या (थुइके अपुइ) फल गुण उत्पन्न जुगु खः । **मञ्जु** धका मधुर, नरम, कोमल सः खः । व मधुर स्वर दुगु जुया नं श्रवणीय फल गुण प्रकट जुगु ख : । वथे हे बुद्धया शब्द त अर्थ हीतयुक्त जुइगु व न्ह्यंपंयात सुख बिइगु जुया नं **सवनीय** (श्रवणीय) जुगु खः । **बिन्दु** धका एकत्रित जुइगु अथवा विक्षिप्त मजुइगु गुगु शब्द उखेँथुखेँ पिम्ज्वइगु खः । थुगु कारणं याना **अविसारी** (प्रसारित) मजुइगु फल गुण दईगु खः । बुद्धया सः तेप्चा निसें उत्पन्न जुइगुली **गम्भीर** जुगु खः । वथें हे उच्चारण जुइगु खुगु थाय् में, वाः, म्हुर्सि, थःक्व आदिपाखें उत्पन्न सः मधुर व तापाक तक उद्घोष जुइमखु । थुगु कारण गुणं याना बुद्धया सः मधुर, तापाकः तापाकः तक वनीगु खः । व **निन्नादी** (गुञ्जयमान्) धका महामेघ गर्जनया सः व भूस्याः थाना वइगु शब्द थैं गुञ्जयमान् जुइ ।

महानिद्देसट्ठकथाय् ब्रह्मस्वर धका मेगु त्वादैगु सः, छरे जुइगु सः व क्वया सः नं दु । तर थनं महाब्रह्माया सः समान सःलं सम्पन्न जुगु अर्थ खः । महाब्रह्माया पित्त व कफं पंगः मदुगु स्वतन्त्र सः विशुद्ध खः, बुद्धं याना बिज्याना तःगु कर्म याना नं विषय स्पष्ट जुइ, विषयतं शुद्ध जुगुलिं त्यपचानिसेँ थहाः वया सः विशुद्ध च्यागूअंगं सम्पन्न जुया हे उत्पन्न जुइ । गथे वसपोल बुद्धया सः नं परिषद्यात सी, वसपोलया पिनी परिषद्य् सः दुहां वनी मखु, छु कारणं धका धाःसा थुगु प्रकारया मधुरशब्द वा सः विना कारण विनाश जुइमखु अथवा सित्ति वनी मखु । थथे वसपोलया सः फुक्कं न्येना च्वपिं परिषद्य् समान रूपं प्रवाह जुइ । फुक्कंस्या हे थःत कारण दयेका धया बिज्यागु खः धका मति तइ । थुपिं विशेष गुणतं दुगु कारणं याना पूर्वसंस्कार दुपिं श्रोतागणपिसं याउकः उपदेश हृदयङ्गम जुया मार्गफल निर्वाणयात साक्षात्कार याइ ।

**२.४ बह्म सःया प्रशंसा :**

बुद्धं धर्मदेशना याना बिज्याइबलय् परिषद्या बीचय् थांया आधारं पूर्वपाखेँ स्वया कना बिज्याइ । बुद्धया न्ह्यने भिक्षु भिक्षुणी व ल्यूने उपासक उपासिकापिं च्वना च्वनी । तर न्ह्याबलय् पूर्वदिशा स्वया जक उपदेश कना बिज्याइगु धयागु मदु । गुबलय् गुबलय् वसपोलयात लाया तःगु आसनय् फ्येतुना, गुबलय् गुबलय् दना व गुबलय् गुबलय् लाया तःगु लासाय् आराम याना नं धर्मदेशना याना बिज्यागु दसु त्रिपिटकय् यक्वं दु । थुगु कथं सकस्याप्रति मैत्री व करुणां देशना पाखेँ पूर्वसंस्कार बलापिं मार्गफलया तहतः लाभ याइगु खः ।

सारिपुत्तसुत्तनिद्देसय् –

**न मे दिट्ठो इतो पुब्बे,**
**(इच्चायस्मा सारिपुत्तो) न सुतो उद कस्सचि ।**
**एवं वग्गुवदो सत्था, तुसिता गणिमागतो ॥**

अर्थात् – आयुष्मान् सारिपुत्रं थौँसिया न्हापाः जिं सुयातनं खंगु मदु वा न्यनागु मदु । तुषित देवलोकं गणी (सुया अनुयायीपि दु) वम्हसिया थथे मधुरभाषी शास्ता । धका थुगु गाथां बुद्धया सःयात प्रशंसा याना **वग्गुवदो** धका मधुरभाषी, मायायाना खँ ल्हाःना बिज्याइम्ह, हृदयङ्गम जुइक खँ ल्हाना बिज्याइम्ह व करवीक भंग थें सः दुम्ह बुद्धयात क्यना तःगु खः । मूलपण्णासट्ठकथामा यदि च्यागू अंग सम्पन्न जुया च्वंगु ब्रह्म सःलं धर्मदेशना याना च्वम्हसियागु छगु पद जक न्यने दत धाःसा अतिसुन्दर हे जुइ धका थुगु आशय नं साधु धया तःगु खः ।

सीलक्खन्धट्ठकथाय् बुद्धं देशना याना बिज्याना तःगुयात अभिनन्दन धका करवीक भ्रंगया मधुरगु सःपाखेँ न्ह्येपंया सुखं पण्डितजनया हृदययात मृत्यु अलग जुयाच्वंगु निर्वाणया अभिषेक समान ब्रह्म सः पाखें बुद्धया वचनयात अभिनन्दन, अनुमोदन व नालाः काइ धयागु अर्थ खः । अथे जिया थथे धया तःल –

**"सुभासितं सुलपितं, साधु साधूति तादिनो ।**
**अनुमोदमाना सिरसा, सम्पटिच्छिंसु भिक्खवो"ति ॥**

अर्थात् – साधु धका भिक्षुपिं ! छुं खँ कम्पन मजुगु तादिलक्षणं युक्त अरहन्तपिन्सं सुभाषित व यथार्थ कथं ल्हाना बिज्याना तःगु वचनयात छ्यंनिसें अनुमोदन याना साधु धका स्वीकार यात ।

**३. निष्कर्ष :**

त्रिपिटक ग्रन्थय् भगवान् बुद्धं सत्व प्राणीप्रति असिमित मैत्री व करुणा न्ह्यचिकाः दुःखया कारण जुया च्वंगु तृष्णायात हाःमा नापं ल्ये थनित मार्ग क्यना बिज्यात । उगु मैत्रीपूर्ण सः पाखें यथार्थगु धर्म न्यना हे दुःख मुक्त जुया वःपिं ब्रह्मा, देव व मनूतं अनगिन्ती दु । बुद्धया सः च्यागू गुणाङ्गं सम्पन्न जुया च्वंगु जुया ब्रह्म सः धाइ । थुपि खः– स्पष्ट, थुइके अपुइ, न्येनी बलय् न्ह्यपुइसे च्वनी, श्रवणीय जुई, एकत्रित, सः छ्यालब्याल जुइ मखु, गम्भीर व गुञ्जयमान् जुइ । वसपोलं बोधिसत्व जुया बोधिचर्या पूर्ण याना वःगु कारणयाना ब्रह्म सः फल विपाकया रूपय् दुगु खः । बुद्धया सः समानम्ह करवीक भ्रंगया सः न्यंन्यं सर्वज्ञ बुद्धया सः गथे जुइ धका प्रीतियात भाविता याना स्रोतापन्न जुइ फुगु नं लुमंकी बहःगु घटना खः । अथे हे ब्रह्म सःया प्रभावं मिथ्यादृष्टि, मन्दबुद्धि व वैं तकः जुपिं पूर्वसंस्कार दुपिं पृथकजनपिन्त संक्षिप्त देशना याना हृदयङ्गम जुया अरहन्त मार्गफलय् प्रतिष्ठित जुपिंनिगु दसु त्रिपिटक ग्रन्थय् यक्व दु । वथें हे च्यागू परिषद्पिन्त प्रभावकारी नापं सार्थक धर्मदेशना जुइत ब्रह्म सः नं महत्वपूर्ण भूमिका म्हिता च्वंगु दु । उकी बुद्धकालीन अवस्थाय् पारमी संस्कार पूर्णपिं बुद्ध नाप लाना ब्रह्म सः नं प्रभावित जुया आजीवन त्रिशरणगमी जुया शील, समाधि व प्रज्ञा अभिवृद्धि यायेत सुलभ जुगु खनि दु ।

*(थुगु लेख नेपालभाषा टाइम्स् नं छापे जुई धुंकुगु खः ।)*

## धर्मकीर्ति पत्रिका विशेष सदस्यहरू

*क्र.सं. ९६९*

**गृहस्था रंजित**
ककन्चो विनायक मार्ग, छाउनी १३
काठमाडौं
रु. २०००/–


*क्र.सं. ९७०*

**लोकबहादुर महर्जन**
बसुन्धरा, काठमाडौं
रु. २०२०/–

*क्र.सं. ९७१*

**प्रकाश सायमी**
गोंगःबुँ आवास क्षेत्र
सामाखुसी, काठमाडौं
रु. २०००/–

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*बि.सं. १९९६*
*श्रावण १ गते*

*दिवंगत :*
*बि.सं. २०८१ पौष*
*९ गते, मंगलबार*

## दिवंगत हरिमान रञ्जित, छाउनी

अतिकं हनेबहःम्ह बौद्ध उपासक, समाजसेवी, धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया दुजः भाजु हरिमान रञ्जित दिवंगत जुयादिल । वय्‌कलं थःगु जीवनय् कुशल कर्मद्वारा सञ्चय यानादीगु पुण्य शक्तिं सुगति व निर्वाण हेतु चूलाय्‌मा धकाः पुण्यानुमोदन यानाच्वना ।

**धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः**
**धर्मकीर्ति विहार, श्रीघः नघः, काठमाडौं**



# बौद्ध-ऋषि महाप्रज्ञा-६

✍ **रत्नसुन्दर शाक्य** *'परियत्ति सद्धम्म पालक'*

तिनीहरूलाई प्रव्रजित गराएको केही हप्तापछि श्रामणेर कर्मशील अनागारिका धर्मपाली र सङ्घपालीलाई साथ लिई कालिम्पोङ्ग जानुभएको थियो । त्यसै समयमा वहाँको प्रथम भेट रामोदर साधु (भावी महापण्डित राहुल साँकृत्यायन) सित ५ जून १९३० (जेष्ठ, वि.सं. १९८७) मा भएको थियो। त्यसबेला रामोदर साधु तिब्बतमा सवा वर्ष (पहिलो तिब्बत यात्रा) बिताई फर्कंदै थिए, वहाँले श्रामणेर कर्मशीललाई तिब्बतबाट ल्याएका अनेक चीजवीज (ग्रन्थ एवं तिब्बती चित्रपट) हरू देखाउनुभएको थियो । रामो दर साधु वहाँलाई भेटेको भोलिपल्टै (६ जून १९३०) कलकत्ताको निमित्त सिलगुडी प्रस्थान गर्नुभएको थियो ।

यता, कुशीनगरमा अनागारिका रत्नपाली नेपाल गइसकेको कारण श्रामणेर शासनज्योति एकजना मात्र महाप्रज्ञा गुरुका साथ रहँदै आएका थिए । यसैबेला कुशीनगरमा गुरुवर ऊ. चन्द्रमणि महास्थविरसमक्ष एक बर्मी अखवार पुग्नआएको थियो जसमा महाप्रज्ञाको फोटो छापिएको थियो, अखवारद्वारा बर्माको एक दायकले वहाँको खोजनीति गरेको थियो, कारण त्यस दायकलाई महाप्रज्ञालाई उपसम्पन्न गराउने (दायक हुने इच्छा) भएको रहेछ ।

ऊ. चन्द्रमणि महास्थविर बर्मी भिक्षु हुनाको कारण त्यो अखबार कुशीनगरमा पनि पुऱ्याइएको थियो । संयोगवश ! महाप्रज्ञा कुशीनगरमै रहेको कारण, वहाँका साथै श्रामणेर शासनज्योतिलाई पनि बर्मा पठाउने प्रबन्ध ऊ. चन्द्रमणि महास्थविरले मिलाइदिनु भयो ।

अतः वि.सं. १९८८ सालको बैशाख (मई, सन् १९३१) महिनामा कुशीनगरबाट कलकत्ता हुँदै पानी जहाजबाट ४ दिनको यात्रापछि श्रामणेर महाप्रज्ञा र शासनज्योति रंगून (बर्मा) पुग्नुभएको थियो । रंगून बन्दरगाहमा वर्लनासाथ वहाँहरूलाई लिन आउनेहरूले मोटरमा बसाई डेढ घण्टा जति पश्चात् गन्तव्य स्थानमा पुऱ्याइयो, त्यस स्थानको नाम एवं दाताको नाम महाप्रज्ञा यसरी उल्लेख गर्नुहुन्छ –

दाता- ऊ. एमाऊ, स्थान- दोंगुसिरीला ।

वहाँहरू रंगून पुग्नुभएको केही दिनमै बैशाख पूर्णिमा (वि.सं. १९८८) का दिन दायक ऊ. एमाउँका नाता कुटुम्बका केही कुल पुत्रहरूको श्रामणेर हुने अवसरमा संलग्न गराई वहाँहरूको उपसम्पन्न गराउने हेतु खोजखबर गराइएको रहेछ, तसर्थ सम्पूर्ण प्रबन्ध भइसकेपछि श्रामणेर महाप्रज्ञा र शासनज्योति त्यस विहार (क्याउँ-म्याऊ-क्याऊँ) का नायक महास्थविर ऊ. केशराको उपाध्यायतवमा उपसम्पन्न हुनुभयो ।

उपसम्पदापछि वहाँहरूले पहिलो बर्सावास त्यही "क्याउँ म्याउँ क्याउँ विहार" मा बिताउनु भएको थियो । वर्षावास पश्चात् भिक्षु महाप्रज्ञा बर्माका केही दर्शणीय स्थलहरूको अवलोकन गर्न जानुभयो ।

यसको केही महिना पश्चात् गुरु ऊ चन्द्रमणि महास्थविरको आदेश पत्रानुसार भिक्षु महाप्रज्ञा अराकन जानुभएको थियो । त्यहाँ वहाँले मा. धम्माचारी नामकी एक अनागारिकालाई भेट्नु भएको थियो । उनीकै एकपुत्र, जो सुप्रसिद्ध कर्मस्थानाचार्य थिए ले भिक्षु महाप्रज्ञालाई 'कर्मस्थानभावना' विषय निकै अभ्यास गराउनुभएको थियो । कर्मस्थानभावना गर्न त्रिकाय (काय, वाक, चित्त) परिशुद्ध गर्नुपर्ने बारे सप्तसङ्ग व्याख्या पनि ती कर्मस्थानाचार्य गुरुले महाप्रज्ञालाई दिंदै जानुभएको थियो ।

त्रिलक्षण (अनित्य, दु:ख, अनात्म) स्वभावलाई स्पष्ट रूपमा मनन र अभ्यास गर्नेलाई "विदर्शना भावना, विपस्सना भावना" एवं "प्रज्ञा भावना" भनिने कुरा वहाँलाई स्पष्ट भयो ।

यसरी योग्य कर्मस्थानाचार्य गुरु प्राप्त हुनाको कारण भिक्षु महाप्रज्ञा पनि कर्मस्थानभावनामा चाँडै नै सफलता प्राप्त गर्दै जानुभएको थियो ।

सन् १९३२ को शुरूमा भिक्षु महाप्रज्ञा अराकनकै आसपासमा रहेको 'पाउँतो' नामक स्थानमा एक सांघिक कार्य (परिवास) को निमित्त जानुभएको थियो । त्यहाँ उपासकोपासिकाहरूको आग्रहमा एक सुन्दर धर्माशनमा रही धर्मोपदेश पनि दिनुभएको थियो तर वहाँ पाँसुकूलिक चीवर (थोत्रो कसैलाई पनि लोभ, लालचा नहुने, हराए पनि चित्त नदुख्ने, स्मशानादि ठाउँहरूमा प्राप्त अनेकौं कपडाहरूको जोडाइबाट तयार गरिएको) लाइरहनु भएको व्यक्ति हुनाको कारण उपासकोपासिकाहरूको आग्रहबाट धर्मोपदेश दिनु भएको स्थानीय भिक्षुहरूलाई सन्तोष भएको थिएन । भिक्षु महाप्रज्ञा त्यस धर्माशनमा बस्नासाथ धर्माशन नै मलिलो भएको महसूस ती भिक्षुहरूले गरेका थिए । पछि आएर ती भिक्षुहरूलाई धर्मसम्वाद गरी पराजित गरी महाप्रज्ञा पाउँतोमै फर्कनुभएको थियो ।

सन् १९३२ को मध्य (जून, जुलाई-आषाढ) मा भिक्षु महाप्रज्ञा, जो त्यसबेला चटगाउँ (बङ्गलादेश) को एक विहारमा रहँदै थिए लाई अराकनको ऊ. मनवा महास्थविरको निमन्त्रणामा अर्कन जानुभएको थियो । वहाँलाई अराकनमा आमन्त्रण गर्नुको खास कारण श्रामणेर कर्मशीलको उपसम्पदाको निमित्त थियो । श्रामणेर कर्मशीलले आफ्नो पूर्वाचार्य महाप्रज्ञा बताएको कारण ऊ. मनवा महास्थविरले चटगाउँमा रहनुभएका महाप्रज्ञा गुरुलाई उपसम्पदाको निमित्त राय लिन बोलाउनुभएको थियो ।

भिक्षु महाप्रज्ञा अराकन पुग्नासाथ ऊ. मनवा महास्थविरले वहाँसित श्रामणेर कर्मशीललाई उपसम्पन्न गराउने बारे सरसल्लाह गर्नुभयो, जसअनुसार ऊ. मनवा महास्थविरकै आग्रहमा भिक्षु महाप्रज्ञा नै श्रामणेर कर्मशीलको उपध्याय हुनुभयो । अतः भिक्षु महाप्रज्ञाले नै श्रामणेर कर्मशीलको उपसम्पदापश्चात् नयाँ नामकरण आफ्नै नामको स्मरण स्वरूप 'प्रज्ञानन्द' राख्नुभएको थियो ।

श्रामणेर कर्मशीलको उपसम्पदापश्चात् भिक्षु महाप्रज्ञा पुनः चट्गाउँ फर्कनुभएको थियो । त्यसबेला भिक्षु महाप्रज्ञाका दुईजना प्रमुख शिष्यहरूमा शासनज्योति अराकनकै 'म्योहाउँ' नामक जङ्गलमा ध्यान-भावनाको निमित्त जानुभएको थियो । अन्य एक सिंहली युवक मेत्तेय्य जो भिक्षु महाप्रज्ञाका साथै जङ्गलमा रही वहाँ (महाप्रज्ञा) को ध्यान ज्ञानद्वारा प्रभावित भई श्रामणेर भएका थिए साथै उपसम्पन्न पनि । भिक्षु मेत्तेय्य ३ वर्षसम्म भिक्षु महाप्रज्ञाका साथ रहि श्रीलङ्का फर्कनुभएको थियो । श्रामणेर कर्मशीलको उपसम्पदा पश्चात् मेत्तेय्य पनि महाप्रज्ञाका साथ चटगाउँ जानुभएको थियो ।

वहाँहरू चटगाउँमा रहँदै जानुभएको केही महिना पश्चात् विशेषतः भिक्षु मेत्त मेत्तेय्यलाई औल ज्वर (Malaria) हुन गएको कारण उपचारार्थ वहाँलाई साथ लिई भिक्षु महाप्रज्ञा सन् १९३४ को शुरूमा कलकत्ता आइपुग्नुभयो तर भिक्षु महाप्रज्ञाको हालत पनि औलको कारण भयावह थियो, शायद त्यसैको कारण भिक्षु मेत्तेय्यलाई "महाबोधि सोसाइटी" मा स्थान दिएता पनि वहाँलाई नदिएको होला । वहाँले त्यहाँको अतिरिक्त बर्मी विहार एवं धर्माकुर विहारमा पनि स्थान पाउनु भएन, तसर्थ वहाँ चित्तपुर रोडस्थित आफ्ना मित्र लालबहादुर रञ्जितकारको घरमा जानुभयो तर वहाँलाई देख्नासाथ मित्रकी पत्नी अधैर्यपूर्वक रोइन्, पछि वहाँको मित्रले ५ दिन अगाडि मात्र यो संसार छोडेर गएको कुरा बताइन् । वहाँको शारीरिक स्थितिलाई अवलोकन गरी मित्रकी पत्नीले पछि तुरून्तै एक कोठा बन्दोबस्त गरिदिइन् र औल ज्वरको केही उपचार पनि गरिदिइन् ।

मित्रकी पत्नीको आग्रह अनुरूप भिक्षु महाप्रज्ञा मृतकको एउटा संस्कार (घःसू) सम्म रहिसकेपछि आफूलाई उपयुक्त स्थानको खोजीमा विचार्दै थिए, तब वहाँलाई एक्कासी कालिम्पोङ्ग याद आयो, जुन शहरको हावापानी एकदम उपयुक्त थियो न गर्मी, न ठण्डा । अतः वहाँ केही दिन पश्चात् कलकत्ताबाट कालिम्पोङ्गको निमित्त प्रस्थान गर्नुभयो ।

कालिम्पोङ्ग त वहाँ पुग्नुभयो तर समस्या पुनः खडा भयो, वहाँ पाँसुकूलिक हुनाको कारण वहाँको वस्त्र एवं रूप पनि औलको असर बाँकी रहनाको कारण निकै नराम्रो देखिएको थियो । पछि वहाँलाई भाजुरत्न साहूले देख्नासाथ सोध्नुभयो– "तपाईं को हुनुहुन्छ ? कहाँबाट आउनु भएको ?" आदि ...

वहाँले आफूलाई बर्माबाट फर्केको, पहिले नेपालबाट निष्कासित गरिएको एक भिक्षु, पहिले यहीं रहेको, पछि छेरिन्नोर्बु गुरुका साथ ल्हास गएको, त्यहाँबाट फर्की यहीँ रहेको, तपाईंले नै सम्पूर्ण बन्दोबस्त गरिदिएको

भनी सम्पूर्ण वृत्तान्त सुनाउनुभयो । तब मत्र भाजुरत्न साहूले महाप्रज्ञालाई चिन्नुभयो ।

पछि आएर भाजुरत्न साहूकै अनुकम्पाबाट कालिम्पोङ्गको त्रिपाई डाँडामा एउटा विहार निर्माण गर्नु भएको थियो जुन विहारको नाम महाप्रज्ञा स्वयंले "प्रज्ञाचैत्य महाविहार" राख्नुभएको थियो । त्यस विहारको बाहिर ढोकामाथिको बोर्डमा यसप्रकार उल्लेख गर्नुभएको छ–

प्रज्ञा चैत्य महाविहार
त्रिपाई, कालिम्पोङ्ग
स्थापित १९६३

त्यस विहारमा रहँदै जानुभएको बेला भिक्षु महाप्रज्ञाले त्यस विहारको माथि पूर्वतर्फ 'भालुखोप' नामक स्थानमा एउटा विशाल ढुङ्गाको मुनि एउटा गुफा पनि तयार गर्नुभएको थियो जसलाई "शान्तिमय गुफा" नामकरण गरिएको थियो । त्यहीँ वहाँले एउटा सुन्दर बुद्धमूर्ति पनि निर्माण गर्नुभएको थियो, जो अद्यावधिसम्म यथावतै छ ।

सन् १९३५/३६ मा भिक्षु महाप्रज्ञालाई पुनः एकपटक चटगाउँबाट निमन्त्रणा पठाइएको थियो । ३ महिना (मंसिर-फागुन) सम्मको चटगाउँ निवासकालमा वहाँलाई चटगाउँको एउटा विशेष ध्यान कमिटिको तर्फबाट "कम्म स्थानाचार्य" पद प्रदान गरेको थियो, जसको प्रमुख हुनुहुन्छ- सुरेन्द्रनाथ बरूवा एम.ए., पाली प्रोफेसर ।

स्मरणीय छ, २ अगस्त १९३६ का दिन श्रामणेर हुनुभएका अमृतानन्द (वि.सं. १९७५-२०४७) लाई गुरुवार ऊ. चन्द्रमणि महास्थविरले भिक्षु महाप्रज्ञाकहाँ (कालिम्पोङ्ग) पठाउनु भएको थियो । यसरी सन् १९३६ को अन्तिम महिना (अक्टोवर-नवेम्वर) मा कालिम्पोङ्ग पुग्नु भएका श्रामणेर अमृतानन्द गुरुवर भिक्षु महाप्रज्ञासित केही समय रहनु भएपछि भोजपुरस्थित आफ्ना नाता कुटुम्बहरूलाई भेट्न वि.सं. १९९३ सालको मंसिर महिनामा भोजपुरका एक प्रतिष्ठित साहू जीतबहादुरका साथ इलामको बाटो हुँदै भोजपुर प्रस्थान गर्नुभयो, जीतबहादुर साहू व्यापारको सिलसिलामा भोजपुरबाट कालिम्पोङ्ग आएका थिए । श्रद्धावान् साहू जीतबहादुरले भिक्षु महाप्रज्ञा र श्रामणेर अमृतानन्दलाई भेट्नासाथै भोजपुर जान आग्रह गर्नुभएको थियो ।

त्यसबेला भिक्षु महाप्रज्ञा प्रेस तयार गर्ने धूनमा थिए । ३ दिनसम्मको सोचाई पश्चात् निर्णय भए अनुसार प्रेसको बनौट तयार गरी कलकत्ताबाट टाइप (अक्षर) झिकाउने कार्यमा व्यस्त थिए । कलकत्ताबाट टाइप पुग्न नआएको  कारण आफू पछि रेलबाट (कालिम्पोङ्ग - सिलीगुडी - कटिहार - जोगबनीसम्म रेलयात्रा, त्यसपश्चात् मोटरबाट बिराटनगर - धरान हुँदै पैदल भोजपुर पुग्नु) भोजपुर आउने सल्लाह दिई अमृतानन्द एक जनालाई मात्र साथ लैजान भिक्षु महाप्रज्ञाले जीतबहादुर साहूलाई अह्राएका थिए ।

श्रामणेर अमृतानन्द भोजपुर गएको महिना दिनपश्चात् टाइपको पार्शल कालिम्पोङ्ग पुग्नासाथ ती पार्शल चीजलाई घुमपहाडस्थित कुलमुनि साहूकहाँ राखी भिक्षु महाप्रज्ञा पनि वि.सं. १९९३ को पौषको शुरुमा भोजपुर प्रस्थान गर्नुभएको थियो ।

भिक्षु महाप्रज्ञा भोजपुर पुग्नुभएको केही दिनपछि विशेषतः कुलधन शाक्यका सुपुत्रहरू (पुण्यधन, चैत्यधन र कुलराज शाक्य) को अनुरोधमा एउटा बुद्ध मूर्ति निर्माण गर्नेतर्फ लाग्नुभएको थियो, जुन मूर्ति भिक्षु महाप्रज्ञाद्वारा १९ दिनको अवधिमा तयार गरियो र ३० पौष १९९३ का दिन बडो भव्य रूपमा उत्सव मनाई, रथ परिक्रमा (बुद्ध मूर्ति राखी) समेत गरी पहिले देखि धर्मस्थलको रूपमा रहँदै आएको एकतल्ले विहारमा प्रतिष्ठा (विराजमान) गराइयो, त्यस विहारलाई "शाक्यमुनि विहार" नामाकरण पनि गरियो ।

यसको भोलिपल्ट (१ माघ १९९३) शाक्यमुनि विहारमा उपासकोपासिकाहरूका साथ स्थानीय देवबहादुर साहू पनि दान-प्रदान गर्न आइरहनुभएको थियो । वहाँलाई विशेष रूपमा भिक्षु महाप्रज्ञाले धर्मोपदेश दिइरहनुभएको थियो । ठीक, त्यसैबेला वहाँलाई भेट्न भोजपुर जिल्लामा वडा हाकिम गरुडध्वज विहारमा आइपुगे ।

विहारमा नयाँ बुद्ध मूर्ति निर्माण भइरहेको देखी प्रसन्न भई कसले बनाएको भनी सोध्नुभयो । उपासकोपासिकाहरूले महाप्रज्ञालाई देखाए । महाप्रज्ञालाई देख्नासाथ परिचय लिइयो र थाहापाइयो कि वहाँ वि.सं. १६८२ सालमा निष्कासित भिक्षुहरूमा हुनुहुन्छ । तसर्थ बडाहाकिमले भिक्षु महाप्रज्ञा लगायत श्रामणेर अमृतानन्द एवं स्थानीय ६ जना उपासकहरूलाई भोजपुरको माल

श्रद्धामा पुऱ्याइयो ।

त्यसबेला बडाहाकिमले अन्य केही आरोपहरू लगाई भिक्षु महाप्रज्ञा (विशेष रूपमा) लाई पक्रेर लगेको थियो । ती आरोपहरू हुन्–

१) नेपालबाट निर्वासित गरिएका व्यक्ति नेपाल आगमन गरेको ।
२) हिन्दूकुलका व्यक्ति भिक्षु भएर बुद्ध धर्म प्रचार गरेको ।
३) अदालतमा जाहेर नगरिकन बुद्ध मूर्ति निर्माण गरी नगरपरिक्रमा समेत गरेको ।

स्थानीय उपासकहरूलाई ६ दिन बन्दी गरी पछि तारिखमा छोडिदियो । केही दिनको बन्दी अवस्थाम भिक्षु महाप्रज्ञाले स्थानीय पुलिसहरूलाई प्रभावित तुल्याएको कारण बडाहाकिमले भिक्षु महाप्रज्ञा एवं श्रामणेर अमृतानन्दलाई जेल भित्रै राखिदिए, जहाँ वहाँहरू पूरा ३ महिना (माघ-चैत्र) रही चैत्र मशान्तका दिन २ पुलिसहरू साथ लगाई धनकुटा जेलमा चलान गरिदिइएको थियो । ३ महिनाको भोजपुर जेल जीवन कालमा भिक्षु महाप्रज्ञाले कैयौ कैदीहरूलाई धर्मोपदेशद्वारा दुःख हरण गरिदिएको थियो । कैदीहरूलाई मनपरी रूपमा कोर्दा हान्ने जेलरलाई समेत त्यसको दुष्परिणाम भोग्नुपर्ने श्रवश्यम्भावी भएको कुरा महशूस गराई कैदीहरूलाई कोर्दाबाट बचाउन भिक्षु महाप्रज्ञा सफल हुनुभएको थियो । कैदीहरूको वेदना सुनी, तिनीहरूलाई मानसिक शान्ति दिँदै रहनुभएका भिक्षु महाप्रज्ञा एवं श्रामणेर अमृतानन्द भोजपुर जेलबाट जान लागेको बेला कैदीहरूले कम विलाप गरेका थिएनन् । बिर्सेर विर्सन नसकिने किसिमले भोजपुरजेलबाट बिदाइ लिई वहाँहरू केही दिनमा धनकुटा पुग्नुभयो ।

धनकुटा जेलमा १ महिना रहनुभएको समयावधिमा पनि त्यहाँ राखिएका राजनैतिक कैदीहरू, जसमा विद्वान्हरू समेत थिए सित धर्मशाकच्छा गर्नुका साथै तिनीहरूकै आग्रहमा जेलभित्रै भिक्षु महाप्रज्ञाले एक गणपति (गणेश) को मूर्ति निर्माण गरिदिनुभएको थियो ।

धनकुटा जेलमा एक महिना बिताई वहाँहरूलाई पुनः २ जना पुलिसहरू साथ लगाई नेपालको सीमाना पार गराउन आदेश दिइयो, जसअनुसार दुइजना पुलिसमा सिर्फ एकजनाले मात्र वहाँहरूलाई धरान-विराटनगर हुँदै जोगबनी स्टेशन पुऱ्याए ।

भिक्षु महाप्रज्ञा र श्रामणेर अमृतानन्द भोजपुर काण्ड समाप्त गरी जोगबनीबाट कटिहार-सिलीगुडी हुँदै कालिम्पोङ्गको त्रिपाईडाँडामा अवस्थित "प्रज्ञा चैत्य महाविहार" मा पुग्नुभएको थियो ।

त्यसै वर्ष (सन् १९३७) को मध्यतिर श्रामणेर अमृतानन्द पाली साहित्य अध्ययनार्थ बर्मा जानुभएको थियो, बर्माबाट केही महिनापछि श्रीलङ्का जानुभएको थियो । श्रामणेर श्रमृतानन्द बर्मा एवं श्रीलङ्का जानु अगाडि विशेषतः तानसेनका श्रद्धावानहरूसित 'ललितविस्तर' किताब प्रकाशनार्थ ५/५ रुपियाँ चन्दा (एउटा-एउटा किताब दिने गरी) लिई भिक्षु महाप्रज्ञालाई बुझाएर जानुभएको थियो । तसर्थ भिक्षु महाप्रज्ञालाई श्राफूले अनुवाद गरिराखेको महापण्डित राहुल सांकृत्यायन (सन् १८९३-१९६३) को 'बुद्ध-चर्य्या' ग्रन्थको अनुवाद 'ललित विस्तर' को रूपमा चाँडोभन्दा चाँडो प्रकाशित गर्न बाध्यभयो । यस पुस्तक (ललित-विस्तर) बल्ल वहाँले वि.सं. १९९७ (बु.सं. २४८४) सालमा श्राफ्नो स्वविवेकबाट निर्मित प्रेसबाट ८० वटा मात्र प्रकाशित गर्नुभएको थियो । पछि श्रन्य स-साना पुस्तकहरू पनि लेखी वहाँले प्रकाशित गर्नुभएको थियो ।

भिक्षु महाप्रज्ञा कालिम्पोङ्गमा पूरा एक दशक भिक्षु चर्यामा रही अनेकौं मतमतान्तरमा रहेका व्यक्तिहरूलाई समेत बुद्ध धर्मको प्रभाव अवगत गराउनमा सफल हुनुभएको थियो । पछि आएर वहाँ विशेष कारणवश सन् १९४६ देखि गृहस्थ संसारमा प्रवेश हुन बाध्य हुनुपऱ्यो ।

गृहस्थ संसारमा प्रवेश भई एक पुत्री (रत्नदेवी) र एक पुत्र (मदन कुमार) भइसके पनि वहाँको मन विराग भावनामा लिप्त भइ नै रहेको थियो । यसैको फलस्वरूप एक दिन (वि.सं. २०१४ साल) वहाँ सिलीगुडी - कटिहार - विराटनगर हुँदै हवाइजहाजबाट काठमाडौं आइपुग्नुभयो र सरासर श्रीघः विहारमा गई भिक्षु सुबोधानन्दलाई भेट्नुभयो । वहाँ भन्ते समक्ष श्राफ्नो मनसाय व्यक्त गर्नुभयो ।

तर, हप्तादिन पश्चात् नै श्रीमती चिनीमाया पुत्र मदन कुमारलाई साथ लिई वहाँलाई खोज्न काठमाडौं आउनुभयो । तिनीहरूको एक परिचित असनका चन्द्ररत्न शाक्यलाई साथ लिई बनेपामा रहनुभएका भिक्षु सुबोधानन्द र महाप्रज्ञालाई भेट्न जान टुँडिखेलस्थित

मोटर पार्कमा पुगिरहेका थिए। संयोगवश त्यसैबेला भिक्षु सुबोधानन्द र महाप्रज्ञा पनि बनेपाबाट पुगेको मात्र थियो– आमा चाँहिले नदेखेको भएता पनि पुत्र चाँहिले देख्नासाथ सम्बोधन गरिहाले।

यसप्रकार घरपरिवारसँग भेटभएको कारण महाप्रज्ञा कालिम्पोङ्ग जान बाध्य हुनुभयो। वहाँ कालिम्पोङ्ग पुग्नु भई घर परिवारको निमित्त एक घरको बन्दोवस्त गर्नुभयो, जुन घरको लागि वहाँले ३ वर्षसम्म (वाल रहनेहरू नउठेको कारण) नालीस अनुरूप अदालतमा गइरहनुपरेको थियो। बल्ल झगडा छुट्याई पुरानो घरलाई नयाँ घरको रूपमा तयार गरी बिजुली जडान पनि गरिदिइयो, जुन घर कालिम्पोङ्ग हाटबजार नजिक रेलिरोडमा थियो।

वहाँ गृहस्थाश्रममा रहे पनि नेपालमा आफूद्वारा शुरू गरिएको स्थविरवाद बुद्ध धर्म प्रज्वलित गर्नेतर्फमा बिचाराधीन हुनुहुन्थ्यो। तसर्थ वहाँले नेपालमा गई बौद्ध ऋषि भावमा रही धर्म प्रचार-प्रसार गर्दै जाने अभिप्राय लिई कसैलाई केही नभनिकन सन् १९६१, जनवरीको पहिलो दिनदेखि वहाँले आफ्नो कपाल (केश) र दाढीलाई हजामत गर्न छोडिदिए।

वि.सं. २०१८ सालमा पुनः एकदिन मौका पारी वहाँ कालिम्पोङ्ग छोडी विराटनगर आउनुभयो। वहाले विराटनगरबाट धरान हुँदै भोजपुर जान चाहनुभएको थियो तर त्यसबेला भोजपुर जाने उपयुक्त समय नरहेको कारण वहाँ पुनः विराटनगर फर्की, त्यहाँबाट हवाइजहाजद्वारा कान्तिपुर आइपुग्नुभयो। यसपटक पनि भिक्षु सुबोधानन्द रहनुभएको ठाउँ पाटनको सुमङ्गल विहारमा पुग्नुभयो।

त्यस वर्षको (वि.सं. २०१८ साल) पौष महिनामै "शाक्यमुनि बौद्ध सङ्घ" ले भोजपुरको टक्सारस्थित "शाक्य मुनि विहार" मा भव्यरूपमा महापरित्राण सम्पन्न गर्ने योजना बनाएको थियो, जुन योजनालाई सफल पार्न भिक्षु सुबोधानन्दले काठमाडौं उपत्यकामा रहेका भिक्षु, श्रामणेर, अनागारिका एवं उपासकोपासिकाहरूलाई भोजपुर लैजाने प्रबन्ध गर्नुभएको थियो। त्यस प्रबन्धमा वहाँले बौद्ध ऋषि महाप्रज्ञालाई साथ लानुभएको थियो।

वहाँहरू सबै नेपालबाट भारत (कटिहार - जोगबनी) हुँदै विराटनगर - धरान पुग्नुभएको थियो। धरानबाट पैदल जानुभएका वहाँहरू १८ पौष २०१८ का दिन भोजपुर पुग्नुभएको थियो। कालिगढहरूको स्थान (टक्सार, भोजपुर) रहेको कारण महापरित्राणको मण्डप यति राम्रोसित बनाइराखेको थियो कि दर्शकहरू मण्डपबाट नै प्रभावित थिए।

२३ पौष देखि भिक्षु महासङ्घबाट शुरूभएको त्यस महापरित्राण हप्तादिनको लागि भनेको ९ दिन (१ माघ २०१८) सम्म सम्पन्न हुनगएको थियो।

महापरित्राणको समाप्तिपछि भिक्षु सुबोधानन्द एवं चैनपुरका धनबहादुर शाक्यको विशेष आग्रहमा महाप्रज्ञा केही दिनको निमित्त चैनपुर पुग्नुभयो। चैनपुरमा ९ दिन रहनुभई भोजपुरमं फर्कनुभयो। भोजपुरमा वहाँ पुनः ४ महिना रहनुभएको थियो। यस ४ महिनाको भोजपुर - निवासकालको प्रतिफलस्वरूप भिक्षु सुबोधानन्दको श्राग्रहमा भगवान् बुद्धको जीवनी पद्यमय रूपमा लेख्नुभएको थियो, जुन काठमाडौं श्राउनु भएपछि भिक्षु सुबोधानन्द महास्थविर स्वयं प्रकाशक हुनुभई बौद्ध ऋषि महाप्रज्ञाको त्यस पद्यमय बुद्ध जीवनी "काव्यात्मक बुद्ध जीवनी" को नामबाट बु.सं. २५०७ (ने.सं. १०८३) मा प्रकाशित गरिएको थियो। यस्तै एक वर्षको अवधिमा बौद्ध ऋषि महाप्रज्ञाले वि.सं. २००० साल अगाडि खाप्नै प्रेसबाट प्रकाशित "अष्टादश लक्षण व विराग मार्ग" नामक पद्यमय पुस्तकको दोस्रो संस्करणको साथै "निर्वाणमार्ग" र "शान्तिया त्वाथः" नामक पुस्तक पनि लेखी प्रकाशित गराउनु भएको थियो।

वि.सं. २०२० सालमा श्रामणेर सुदर्शनको विशेष प्रयत्नमा गणमहाविहारको जीर्णाद्धार कार्य सम्पन्न गरी त्यहाँ स्थविरवादी भिक्षु एवं श्रामणेरहरू रहँदै आउनु भएको थियो। बौद्ध ऋषि महाप्रज्ञा पनि सुमङ्गल विहार, पाटन पश्चात् भिक्षु सुबोधानन्द, भिक्षु प्रज्ञारश्मि एवं श्रामणेर सुदर्शनका साथ गणमहाविहारमा रहँदै श्राउनुभयो। पछि आएर भिक्षु सुबोधानन्द एवं अन्य व्यक्तिहरूसित वैचारिक मतभेद हुँदै आएको कारण वहाँ (बौद्ध ऋषि महाप्रज्ञा) वि.सं. २०२६ सालको पौष महिनामा गणमहाविहार छोडी बलम्बूको प्रणिधिपूर्ण महाविहारमा रहन जानुभएको थियो, जहाँ रहनुभएको ५ दिनपछि नै वहाँलाई पुरानो वातरोगको असर अनुरूप खुट्टा दुख्न शुरूभयो। अतः वहाँलाई केही श्रद्धावान् उपासकोपासिकाहरूले अन्यत्र एक ठाउँमा प्रबन्ध गर्ने सल्लाह गरे अनुरूप बागबजार स्थित आशारत्न उपासकले प्रदान गरेको दुई आना भरको

एउटा जग्गामा सबैको सहयोगबाट एउटा श्राश्रम तयार गरियो जुन "धर्मचक्र आश्रम" कहलाइयो ।

१२ बैशाख २०२७ का दिन जग हाली निर्माण कार्य शुरू गरिएको त्यस आश्रम २५ जेष्ठ २०२७ (जेष्ठ शुक्ल द्वितीया (महाप्रज्ञाको ७० औं जन्मोत्सव) का दिन उद्घाटन गरिएको थियो । त्यस उद्घाटन महोत्सवमा "च्वसापासा" र "नेपालभाषा परिषद" का विभिन्न कविवरहरूका साथ अन्य गण्यमान्य महानुभावहरू पनि उपस्थित हुनुभएको थियो । त्यस उद्घाटन समारोहमा धर्मरत्न "यमि" शान्ति सौरभ, माष्टर कुञ्जबहादुर आदि विद्वद्वर्गले वहाँको देन बारेमा बोल्नुभएको थियो ।

'कविकेकरी' चित्तधर 'हृदय' ले पनि (महाप्रज्ञा 'च्वसापासा' को तर्फबाट 'साहित्यसुता' उपाधि प्राप्त (२०१३ सालमा) गरेका एक सफल नेपालभाषाका गद्य-पद्य लेखक एवं विशिष्ट बौद्ध-धर्म प्रचारक हुन्" भनी बोल्नुभएको थियो ।

यस उद्घाटन महोत्सवका प्रमुख प्रायोजक हुनुभएकाहरूमा एक शाक्यमुनि उपासकले वहाँको ७० औं जन्मोत्सवको उपलक्ष्य लिई "कर्मस्थानाचार्य बौद्ध ऋषि महाप्रज्ञाया संक्षिप्त जीवनी" नामक एक पुस्तक पनि प्रकाशित गरी वितरण गर्नुभएको थियो ।

तर प्रफशोच ! वहाँको निमित्त विशेषरूपमा बनिएको त्यस "धर्मचक्र आश्रम' मा पनि पछि आएर कलह उत्पन्न भयो । वहाँले त्यस आश्रमलाई पनि छोडी डिल्लीबजार घट्टेकुलोमा एक अन्य स्थायी आश्रमको प्रबन्ध गर्नुभयो, जुन आश्रमको शिलान्यास (जग) १ फागुन २०२६ का दिन भएको थियो । त्यस आश्रममा वहाँ १५ पौष २०३० का दिनदेखि स्थायी रूपमा रहनुभएको थियो ।

"बौद्ध ऋषि महाप्रज्ञा श्राश्रम" नामकरण गरिएको त्यस श्राश्रममै वहाँले आफ्नो शेष करुणमय रोगी जीवन (५ वर्ष) बिताउनु भई ९ चैत्र २०३५ (नवमी, चिल्लागा १०६६ ने.सं.) का दिन आफ्नो इहलीला समाप्त गरेर जानुभएको थियो । ■

**धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग**

**दाता कुलमान बुद्धाचार्य**

*मोहरिया टोल, पोखरा, कास्की*

*चन्दा रकम रु. १०००/–*




**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**

**आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥**
**यही नै बुद्धको उपदेश हो ।**

# बिश्व मोटर ट्रेडर्स

अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।

मोवाइलः ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।



# झिगू संयोजन धर्म (दश संयोजन धर्म)

✍ श्रद्धा कमल ताम्राकार

पृष्ठभूमि :

परियत्ति बुद्ध शिक्षाया पाठ्यक्रमय् दुथ्याःगु धर्म मध्यय् झिगू संयोजन धर्म नं छगू खः । बुद्धं देशना यानाबिज्याःगु उपदेश धर्मस्कन्धया ल्याःकथं चय्प्यद्वः (८४,०००) दु । उकियात त्रिपिटक धाइ । गुकियात स्वब्वय् ब्वथलाताःगु दु - सुत्रपिटक, विनयपिटक व अभिधर्मपिटक ।

थ्वहे झिगू संयोजन धर्म अभिधर्मपिटकस दुथ्याःगु खः । संयोजनया अर्थ पद कथं ब्याख्या यायेबलय् बन्धन स्वतुमतु स्वःगु गथःगथः जुयाच्वंगु, फ्यनां फ्यने मफुगु गथः थुकिया जालय् लात कि पिहाँ वयां वये थाकुगु स्वभाव दुगु धर्मता खः ।

झी मनुष्य जुयाः बांलाःगु (कुशल) व बांमलाःगु (अकुशल) ज्या चायेकं मचायेकं कर्मत झीगु शरीर, वचन व मनं यानाच्वनी । विशेष यानाः न्हापालाक न्ह्यब्वाः वनीम्ह झीगु मन खः । गुकिं यानाः चायेकं मचायेकं अकुशलकर्म क्लेश लोभादि बांमलाःगु ज्याय् लाःवनी ।

दश संयोजन धर्म छु खः ले ?

१) कामराग संयोजन २) भवराग संयोजन
३) पटिघ संयोजन ४) मान संयोजन
५) दृष्टि संयोजन ६) शीलब्रत परामर्श संयोजन
७) विचिकित्सा संयोजन ८) इर्ष्या संयोजन
९) मात्सर्य संयोजन १०) अविद्या संयोजन

१) कामराग संयोजन :

कामराग संयोजन धायेबलय् ल्वःवनापुसेच्वंगु पञ्चकाम गुणय् गुगु इच्छा याइगु, ल्वःवनाः प्यपुनीगु, ल्वःवनाः ययेकीगु, ल्वःवनाः आसक्त जुइगु, स्नेह काम धयागु परिदाह जुइगु, ल्वःवनाः तसकं प्यपुनीगु स्वभावयात कामराग संयोजन धकाः धाइ ।

पञ्चकाम धायेबलय् झीगु शरीरया पञ्चइन्द्रीय- मिखा, न्हाय्, न्हाय्पं, म्हुतु व शरीर अले थुपिं अंग वा इन्द्रीयं मिखां रुप, न्हासं गन्ध, न्हाय्पनं खँग्वः, म्हुतु वा म्यें रस अले काय वा शरीरं स्पर्श याःगु अनुभूति याइ, थुगु पञ्चइन्द्रीय यानाच्वंगु आरम्मण मनूतयूत भुले याना तइगु स्वभाव हे कामराग खः ।

थुकिं यानाः भौतिक सुखय् भुले जुइगु - गथेकि मिखां खंक्व मालीगु, आसक्त जुइगु, प्याखं स्वयेगु, अथेहे विभिन्न कथंया टेवलेट, ल्यापटप, फोन विभिन्न प्रकारयागु आइफोन इत्यादि भौतिक साधनय् प्यपुनाच्वनीगु । मिखां बांलाःगु वस्तु खंसा वहे माल धकाः प्राप्त याना कायेत प्रयत्न यानाच्वनीगु । न्हासं बांबांलाःगु वास, सुगन्ध, गन्धयात नतुना च्वने मास्ति वइगु । न्हाय्पनं बांबांलाःगु शब्द, सः म्ये (संगीत) न्यनेत आसक्त जुइगु । म्हुतुं वा म्यें साःसाःगु सवाः काये यइगु, शरीरं स्पर्श याइगु, नाइसे च्वंगु बांबांलाःगु थी मास्ति वयेका बीगु ।

२) भवराग संयोजन :

हानं हानं जन्म कायेगु इच्छाय् प्यपुनाच्वनीगु स्वभाव । थ्व वर्तमानया जीवन स्वयाः अप्वः बांलाःगु ऐश, सम्पत्ति, परिवार सम्पन्न जूथाय् जन्म काःवने दयेमा धकाः इच्छा वा आसक्ति जुयाच्वनीगु स्वभाव । थम्हं दान धर्म विभिन्न पुण्यया ज्या याःसा लिपाया जुनिइ वा थुगु जुनिइ भिं जूसा बांलायेमा धकाः आसक्त जुयाच्वनीगु ।

थथे भवराग संयोजन धायेबलय् भवय् प्यपुनीगु, भवयात ययेकीगु, भवय् आसक्त जुइगु । थ्वहे जन्म कायेगु भव स्नेह संयोजन स्वतुमतु स्वयाच्वनीगु । अथे जक मखु ध्यानभावना यायां च्वय् थ्यनेधुंकाः रुप, अरुप भूमिइ जन्म काःवनेगु इच्छा याइगु धर्मया स्वभावयात हे भवराग धकाः धाइ ।

३) पटिघ संयोजन :

पटिघ (प्रटिघ) संयोजन धयागु बदला भाव स्वभाव खः । उलि जक मखु कडा जुयाः स्यंकेगु प्रचण्ड स्वभाव, सुनानं थःत मयःगु यात धाःसा जिं वयात त्वःते मखु धकाः हानं हानं द्वेषत उत्पन्न जुइकाच्वनीगु, धाइनापं तमं क्वाःगु नँयागु डण्डी ज्वन धाःसा कर्पिन्त स्वयाः थःत हे अप्वः पुनाः छटपटे जुइ । थज्याःगु स्वभावं यानाः न्ह्याबलें जिगु अनर्थ यानाच्वन धकाः ईख तइ, अथेतुं जि यःम्हसित अनर्थ याइ तिनि यानाच्वन धकाः ईख तइगु स्वभाव । तसकं विरोधी याइगु स्वभाव, उलि जक मखु विरुपं स्यंका बीगु स्वभाव, उकिं यानाः मन स्यनीगु, तं पिहां वइगु, खँ ल्हाये मफइगु ।

थज्याःगु अवस्थाय् थःपिनिगु व्यवहारिक, पारिवारिक जीवनय् थः यःपिन्त निन्दा अपमान याइगु न्यनेबलय् थःत ब्वः ब्यूगु न्यनेबलय्, कमजोर धाइगु न्यनेबलय् वयात मानसिक व शारीरिक कथं आकुल-ब्याकुल जुइगु । सह याये मफयाः वाचिक कथं वा शब्दं वाण सरह प्रहार जूवनी, वाण सरह कडागु शब्द प्रहार याः वनी ।

भगवान बुद्धं सुत्त निपातय् न्ह्यथनातःगु थथे खः - 'प्रत्येक मनू (मनुष्य) पा (बञ्चरो) घानाः जन्म जुइ, गुकिं थःत पाली, व मूर्खं गुबलय् गुबलय् कुवाच्य नवाइ ।'

४. मान संयोजन :

मान संयोजन धायेबलय् अभिमान स्वभाव, जि हे श्रेष्ठम्ह, जिनाप समानम्ह सुं मदु धकाः थःथम्हं घमण्ड वइगु स्वभावयात मान संयोजन धाइ । थज्याःगु मान स्वताजि दु :

क) सेय्येमान ख) सम्मान मान ग) हीनमान

क) सेय्येमान गजू थें च्वय् च्वनेमाःम्ह, जि हे श्रेष्ठम्ह धकाः च्वनीम्ह अथवा गृहस्थी जूसां ऐश्वर्य धनं सम्पन्नम्ह थः ध्वजा समानगु स्वभाव, च्वय् च्वय् धायेका तइगु स्वभाव, मनया ध्वजाथें च्वय् च्वय् थःत ल्ह्वने मास्ति वइगु भाव ।

ख) सम्मान मान न्ह्याबलें थःगु प्रज्ञा, बुद्धि अले गृहस्थी जूसा धन, एश्वर्य, शिक्षा तुलना यानाच्वनेगु स्वभाव । जि सुं स्वयां नं कम मजू धकाः न्ह्याबलें धन, सम्पत्ति, विद्या, मान दयेकाच्वनेगु स्वभाव दुम्ह व्यक्ति ।

ग) हीनमान : जि हीनम्ह खः धकाः च्वय् च्वय् धायाः थःके मदुसां मेपिनिगु गुणयात मान मयाइगु स्वभाव । थुपिं स्वंगू मान जि श्रेष्ठ धकाः च्वय् च्वय् सेय्येमान, जि समानम्ह खः धकाः च्वय् च्वय् धाइगु, जि सम्मानम्ह खः धकाः च्वय् च्वय् धाइगु, जि हीनम्ह खः धकाः च्वय् च्वय् धाइगु- हीनमान थज्याःगु हे मान संयोजनया स्वभाव खः ।

५. दृष्टि संयोजन :

गलत (मिथ्या) रुपं बिचाः याइगु व बांलाक्क परामर्श कथं बिचाः याइगु सम्यकदृष्टि खः । तर संयोजन धर्मकथं मखु थें थुइकेगु । सत्य धर्मयात अःखतं खनेगु अनित्य वा छुं हे नित्य मखुगु खःसा नित्य धकाः काये मफइगु, अनात्म आत्म दुःखयात सुख सुखयात दुःख इत्यादि थुइके मफुगु ।

लोक शास्वत खः धकाः नं अशास्वत खः धकाः नं लोक अन्त दुगु खः अन्त मदुगु खः व जीव हे व शरीर खः सत्व मरण लिपा उत्पन्न जूनि, सत्व-मरण लिपा उत्पन्न मजूगु नं मखु, थज्याःगु द्वंगु धारणाय् तना वनेगु मखु धइगु स्वभाव, उकिं यानाः खः थे थुइके मफइगु स्वभाव, सम्यक दृष्टियात स्यंकीगु स्वभाव थथे द्वंक परामर्श याइगु स्वभावयात हे दृष्टि संयोजन धाइ ।

६. शीलव्रतपरामर्श संयोजन :

मेगु संयोजन धर्मकथं शीलब्रतपरामर्श खः । द्वंक मखुथे परामर्श याइगु स्वभाव, द्वंगु पद्धति, छुं धर्मयात विपरित द्वंक क्वातुक्क ग्रहण यायेगु ।

झी गृहस्थी च्वनाः नं छुं द्वंक धारणा कथं क्वातुक्क कयाच्वनेगु । दसु कथं झीसं यानागु गुलि नं मखुगु पापयात खुसिइ वनाः लखय् छकः म्वःल्हुइवं विमोचन जुइ धकाः लिमलाः फमलाः खुसिइ वनाः म्ह दुना च्वनेगु इत्यादि । अथेहे बुद्ध धर्म पिने च्वंपिं श्रवण ब्राह्मणपिनिगु द्वहं ब्रत, खिचा ब्रत काइगु चलन दु ।

थःगु मन (चित्त) आचरण आदियात शीलं शुद्ध जुइ । द्वहं, खिचा आदियागु ब्रतपाखें शुद्ध जुइ धयागु विश्वास गुगु द्वंगु धारणां शुद्ध जुइ धयागु थज्यागु स्वभाव दुगु गुगु धारणाय् दुथ्याःगु स्वभाव, सहि धारणायात पना बीसःगु द्वंगु धारणारुपी सम्यक दृष्टियात स्यंकीगु स्वभाव, वर्तं दुःखय् चिना बीसःगु कारण जुयाच्वंगु द्वंगु धारणा ।

झीसं हे आःतक नं लः छफुति म्हुतुइ मतसे, चि मनसे उपवास कयाच्वनीपिं खं । थुगु शरीरयात कष्ट बियाः यानाच्वनेगु धर्मकथं थःत संयोजनय् चिनातइगु धर्म वा संयोजनयात शीलव्रतपरामर्श संयोजन धाइ ।

७) विचिकित्सा संयोजन :

विश्वास याये योग्यगु थासय् नं विश्वास मयासे शंका उपशंका यानाच्वनेगुयात विचिकित्सा संयोजन धाइ । व्यवहारिक पारिवारिक कथं न्ह्याबलें शंका उपशंका, श्रीमान वा श्रीमतीप्रति अविश्वास, मांबौ मस्त प्रति अविश्वास, अथे हे पासा बन्धुप्रति विश्वास मदइगु ।

उलि जक मखु बुद्ध धर्म संघ आचरण शिक्षाप्रति शंका थजाःगु स्वभाव दुगु मसिइगु द्वंविद्वं थीथीकथं कम्प जुइगु स्वभाव, निपु लँ समानगु स्वभाव, निर्णय यायेत स्तम्भित जुइगु स्वभाव, थजाःगु संयोजन हे विचिकित्सा खः ।

८) इर्ष्या संयोजन :

इर्ष्या धायेबलय् सुयां ज्यूगु बांलाःगु स्वये मफइगु, कर्पिनिगु खुशी खनाः हर्षित जुइ मफइगु, प्रशंसा याये मफइगु, दाहा जुइगु स्वभाव खः । झीगु संसार, समाज, परिवारय् इर्ष्याया भाव ब्वलनाच्वंगु दु । देशं देशय् इर्ष्या, समाजं समाजप्रति, व्यापारीं व्यापारीप्रति इर्ष्या, शिक्षकं शिक्षकप्रति इर्ष्या जुयाच्वनी, परिवार परिवार दुने मेपिनिगु

लाभ सत्कार गौरव मान गुगु नुगः मुइगु स्वभाव, नुगः मूम्हेसिगु भाव, ब्यथां स्वइगु भाव थजाःगु स्वभावयात इर्ष्या संयोजन धाइ ।

९) मात्सर्य संयोजन :

थःहे श्रेष्ठ धकाः च्वनीगु स्वभाव, चीधंगु स्वभावया चित्त (कन्जुसीपह), थः जक जीके कतःपिं बांमलाःसां ज्यू, थःगु जक भिं जुइकेगु स्वइगु स्वभाव, मेपिनि ज्यूगु बांलाःगु स्वये मफइगु कपटी स्वभाव खः ।

मात्सर्य ५ गू प्रकारया दु :–

क) आवास मात्सर्य :

च्वनीगु थाय्प्रति कन्जुसी स्वभाव गथेकि बसय् लिक्क फ्यतूवःम्हसित थाय् मबीगु, जिगु थाय् धकाः त्वःता मबीगु, थःगु थाय्यात क्वातुक्क ज्वना च्वनीगु, जि स्वयाः बांलाःगु छेँ, क्यब सुयां मदु धकाः सुनानं काः वइ धकाः मतिकुन्हाः स्वभाव ।

ख) कुलमात्सर्य : थःगु कुल, जात धनी धकाः सःस्यूपहः याना जुइपिं ।

ग) लाभ मात्सर्य : जितः थुलि लाभ जुल धकाः घमण्ड यानाच्वनीगु ।

घ) वर्ण मात्सर्य : रुप प्रति घमण्ड, जि त्वइसे बांलाः धकाः जुयाच्वनीगु स्वभाव ।

ङ) धर्म मात्सर्य : जिगु धर्म तःधं धकाः क्वातुक्क ज्वनाच्वनीगु स्वभाव ।

१०. अविद्या संयोजन :

अविद्या धायेबलय् छुं मस्यूम्ह, मूर्खम्ह, प्रज्ञा मदुगु स्वभाव खः । संसार दुःखया खानी धकाः मथुइगु, दुःख सत्य धइगु मस्यूगु अज्ञान, दुःख सत्य अज्ञान, दुःख निरोधय् अज्ञान, दुःख निरोधय् थ्यनीगु आचरणय् अज्ञान दुःख जातय् जन्म जुइमानिगु दुःख, जन्म जुयाः ल्वय् जुइका च्वनेमालीगु, बुढाबुढी जुइमानिगु मरणादि आदि धर्मलिसेया अज्ञानता खः ।

भ्कीसं समाजय् मनूत थ्वहे छगू जुनि थें सीम्वाःपिं थें सना जुइ । संसार अनित्य खः उत्पत्ति फुक्क विनास खः धकाः मचाइगु । थजाःगु स्वभाव दुगु मसीगु (सहीधर्मयात) मखनीगु स्वभाव प्रतिवेघ धायेबलय् अनुभव यानाः सीके मसःगु स्वभाव, द्वंक सीकेगु स्वभाव खः । दुःखं मुक्त जुइत प्रत्यक्ष रुपं भाविता याये मसःगु धइगु हे अविद्या संयोजन खः ।

निष्कर्ष :

च्वय् न्ह्यथना वयागु 'दश संयोजन धर्म' भ्कीसं मनुष्य जुयाः बुद्धधर्म कथं परियति, पटिपति व प्रतिवेध कथं छ्यले सयेके माल । परियति कथं बुद्धया शिक्षायात अध्ययन यानाः पटिपति धारण, पालन यायेमाल, बुद्धं शरणं गच्छामि, धम्मं शरणं गच्छामि, संघं शरणं गच्छामि धकाः म्हुतु छ्प्वाः जक हालां मगाः । श्रवण यानागु,

अध्ययन यानागु शिक्षायात प्रतिवेध प्रत्यक्ष करण कथं थःथम्हं अनुभूति यायेमाः ।

थथे प्रतिवेक्षण याये मसःगु स्वभावं थुगु दश संयोजन धर्मयात थुइके मफयाः भ्कीगु जीवनय् न्ह्याबलें पतुमतु पंकाः स्वतुमतु स्वयेकाः वर्तदुःखय् संसारया भवसागरय् हानं हानं जन्म कयाः चाःचाःहिला च्वनेमाली । भ्कीपिं सकलें न्ह्याबलें न्ह्याबलेंया लागि थुकियात चफुना छ्वयेत भ्कीके वयाच्वंगु लोभ, द्वेष, मोह, ईर्ष्या, शंका, मान मिथ्यादृष्टि इत्यादि क्लेशयात निर्मूल यायेत छगू जक मार्ग आर्य अष्टाङ्गिक मार्गयागु सत्यता थुइकेमाः, व्यवहारय् छ्यलेमाः । थुपिं मार्गत थथे खः :

१. सम्यक दृष्टि - मद्वंक स्वयेगु थुइकेगु
२. सम्यक वचन - बांलाःगु वचन, शुद्धगु बोलि बचन
३. सम्यक संकल्प - भिंगु बांलाःगु बिचाः यायेगु, वितर्क यायेगु
४. सम्यक कर्मान्त - मभिंगु ज्या मयायेगु, भिंगु ज्या यायेगु
५. सम्यक आजीवन - बांलाक जीवन हनेगु
६. सम्यक व्यायाम - मन व वचनं बांलाःगु ज्या यायेगु
७. सम्यक स्मृति - न्ह्याबलें होश तयाः जुइगु
८. सम्यक समाधि - ध्यान भावना यायेगु

थथे कुशल कर्मया लँय् वनेत शील, समाधि व प्रज्ञाया बः कयाः जक न्ह्याः वने फइ । विशेष यानाः थुपिं भ्किगू संयोजन क्लेशयात चफुना छ्वयेत मुख्य सम्यक दृष्टि हे यथाभूत ज्ञान दर्शन वा मखुथे मखनीगु, खः थे खनेगु गुकिं यानाः तथागतया सधर्म प्रति अटुट श्रद्धा दयाः प्रज्ञां यानाः कारणकार्यया चक्र भावनामयी खंके फइगु न्यागू उपादान स्कन्धप्रति अनित्य-दुःख अनात्म बोधया भाव जुइ माल । ■

*लिधंसा धल :*

*१) अनगारिका अग्गञाणी (ने.सं. ११३७), त्रिपिटक, अभिधम्मपिटक, प्रथम संस्करण, वीर-पूर्ण पुस्तक संग्रहालय, नेपाल ।*

*२) डा. रीना तुलाधर बनिया (संपादक) ने.सं. ११४२, अभिधम्म (श्रद्धेय धम्मवती गुरुमांया धम्मदेशनाया पुस्तकारुढ), प्रथम संस्करण, धर्मकीर्ति प्रकाशन श्रीघः नेपाः ।*

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन गतिविधि

*२०८१ पौष २० गते, छाउनी*

बौद्ध उपासक, समाजसेवी, धर्मकीर्ति ज्ञानमाला भजनका श्रद्धावान् सदस्य हरिमान रञ्जित दिवंगत हुनुभएको १२ औं दिनको पुण्यतिथिमा उहाँका सुपुत्र सूर्यमान रञ्जितले धर्मकीर्ति ज्ञानमाला भजन परिवारलाई निमन्त्रणा गर्नुभई ज्ञानमाला भजन प्रस्तुत गराउनु भएको थियो ।

गुरु पन्नाकाजी शाक्यको नेतृत्वमा संचालन गरिएको उक्त भजन कार्यक्रममा ज्ञानमाला भजन खलःबाट दाता परिवारलाई जप गर्ने चैत्य सम्झनाको चीनो स्वरुप सचिव प्रेमलक्ष्मी तुलाधरले प्रदान गर्नुभयो ।

भजन पश्चात् सूर्यमान रञ्जितले बुबा हरिमान रञ्जितको पुण्य स्मृतिमा धर्मकीर्ति ज्ञानमाला भजनलाई रु. ५०००/– सहयोग प्रदान गर्नुभयो ।

**यथा'पि भमरो पुप्फं-वण्णगन्धं अहेठयं ।**
**पलेति रसमा'दाय-एवं गामे मुनीचरे ॥६॥**

भमराले फूलको रङ्ग रूप नबिगारीकन त्यसको रस चुसेर गए झैं मुनिहरू ग्राममा विचरण गर्दछन् ॥६॥

**न परेसं विलोमानि-न परेसं कता'कतं ।**
**अत्तनो'व अवेक्खेय्य-कतानि अकतानि च ॥७॥**


अर्काको दोष र अर्काले के गऱ्यो के गरेन भनी हेर्नु भन्दा आफ्नो दोष र आफूले के गरे के गरिनं भनी हेर्नु नै बेस छ ॥७॥

## न्हिच्छियंक अभिधर्म पाठ

*२०८१ माघ १२ गते, शनिवार*
*थाय्- वसुन्धरा, काठमाडौं*

उपासक लोक बहादुर महर्जन, जगमाया महर्जन सपरिवारया ग्वसालय् अभिधर्म पाठ ज्याभ्वः क्वचाःगु दु । प्रव्रजित गुरुमांपिनि पाखें न्हिच्छि यंकं अभिधर्म पाठ जूगु थुगु ज्याभ्वः उपासिका जगमाया महर्जनया जन्मदिनया उपलक्षे वय्कःया निरोगी कामना यासे न्ह्याकूगु खः । ज्याभ्वलय् केशावती गुरुमांनं धर्मदेशना यानाबिज्याःगु खः । आमन्त्रित गुरुमांपिन्त जलपान भोजन दान लिपा दान प्रदान याना पुण्य संचय याःगु उगु ज्याभ्वया अन्त्ये दातापरिवारया पितृजनपिनि सुगति व निर्वाण कामना यासे पुण्यानुमोदन याःगु खः । ज्याभ्वले पाठ यानाविज्याःपिं गुरुमांपिं व पाठया धलः थुकथं प्रस्तुत जूगु दु ।

| क्र.सं. | पाठ | पाठ यानाबिज्याःपिं गुरुमांपिं |
|---|---|---|
| १ | धम्मसङ्गणी | त्यागवती, मेत्तावती |
| २ | विभङ्ग | दानवती, अमता |
| ३ | धातुकथा | श्रद्धावती, सुनिता |
| ४ | पुग्गलपञ्ञति | गौतमी, प्रियावती |
| ५ | कथावत्थु | खेमावती, सुप्रियावती |
| ६ | यमक | केशावती, क्षान्तीवती |
| ७ | पट्ठान | इन्दावती, सुनिता |



## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | बि.सं. २०८१ साल | बुद्धपूजा गर्नुहुने श्रद्धेय गुरूमांहरू | धर्मदेशना गर्नुहुने श्रद्धेय गुरूमांहरू |
|---|---|---|---|
| १ | पौष २३ गते, मंगलबार, अष्टमी | वण्णवती | वण्णवती |
| २ | पौष २९ गते, सोमबार, मिला पुन्हि, पूर्णिमा | शुभवती | वीर्यवती |
| ३ | माघ १ गते, मंगलबार, संक्रान्ति | इन्दावती | इन्दावती |
| ४ | माघ ९ गते, बुधबार, अष्टमी | दानवती | दानवती |
| ५ | माघ १६ गते, बुधबार, औंशी | खेमावती | खेमावती |

दर्ता नं. ३७८-०७३/०७४
www.bajracharyaclub.org.np

**बज्राचार्य क्लब**
**BAJRACHARYA CLUB**

# WORLD BAJRACHARYA AWARDS 2024

# विशेष सम्मान पौ

## हनेबहःम्ह सासनधजधम्माचरिय धम्मवती गुरुमां,

छलपोल वि.सं. २००९ सालय् बर्माय् थ्यंक बिज्यानाः प्रवजित जुया बिज्यात, वि.सं. २०२२ सालय् धर्मकीर्ति विहार पलिस्था यानाः मिस्तय्गु निम्ति प्रौढ कक्षा निसें बौद्ध शिक्षा स्यनेकने याना बिज्यात, वि.सं. २०२५ सालय् धर्मकीर्ति पत्रिका पिथनाः देय् न्यंक बुद्ध धर्मया प्रचार याना बिज्यात, ल्याय्म्ह ल्यासेतय् दथुइ बौद्ध जागरण हयेत धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी पलिस्था यानाः गांगामय् बुद्ध धर्म प्रचार याना बिज्यात, नेपाःया थीथी थासय् व भारतय् नापं भिंछगू विहार दयका बिज्यात, बुद्ध धर्म सम्बन्धी नेवाः भासं पीगू व नेपाली भासं स्वंगू सफू च्वयाः हलिन्यंक बुद्ध धर्मया प्रचार याना बिज्यात, नेवाः भाय्या माध्यमं बुद्ध धर्म प्रचार याःगुलिं "**भाषाथुवाः**" कथं सम्मानित जुया बिज्यात, देसय् व देसपिने धिसिलाक्क धर्मदेशना यानाः बुद्ध बुद्धशासनय् याना बिज्याःगु अद्वितीय योगदान कदर यासें म्यानमार सरकार पाखें "**अग्गमहागन्थवाचकपण्डित**" उपाधिं सम्मानित जुया बिज्यात । अथेहे नकतिनि जक लुम्बिनी बौद्ध विश्व विद्यालय पाखें मानार्थ डकटोरेट पधवीं छाय पियुगु अति हे हर्षया खँ जुल ।

थौं ९० दँया वैंशय् नं बुद्धशासनय् मदिक्क तिवः बिया च्वना बिज्याःम्ह छलपोलयात कदर यासें "**वर्ल्ड बज्राचार्य अवार्डस् २०२४**" या तःजिगु ज्याभ्वलय् "**विशेष सम्मान**" पाखें हने दुगुलिं जिपिं लय्ताया च्वना । छलपोलया भिंउसाँय्, दीर्घायु व सुमंगलया मनंतुना च्वना ।

**LETTER OF FELICITATION**
**BE STOWED THE SPECIAL HONOR OF WORLD BAJRACHARYA AWARDS 2024**
**UPON**

## MOST REVERED VENERALBLE DHAMMAVATI GURUMA,

In the luminous tapestry of Buddhist history, few figures shine as brilliantly as you, a living embodiment of wisdom, compassion, and relentless dedication. On this momentous occasion of the **"World Bajracharya Awards 2024"** we gather to celebrate not just your achievements but the profound legacy you have woven into the fabric of Buddhism and society.

Your journey has been nothing short of extraordinary. As the founder of Dharmakirti Bihar in 2022 B.S., you envisioned a sanctuary where the light of Buddha's teachings could flourish across generations-offering solace and knowledge to the elders and planting seeds of Buddhist wisdom in the hearts of the youth. The establishment of Dharmakirti Magazine stands as a beacon, spreading the timeless truths of Buddhism to every corner of the nation.

Through the Dharmakirti Study Circle, you have ignited the flames of awareness and empowerment among young minds, ensuring that no girl or boy, no matter how remote their dwelling, is bereft of the opportunity to awaken to the Dharma. Your pioneering spirit has manifested in the establishment of eleven monasteries across Nepal and India, sacred havens of peace and learning.

Your scholarly contributions, encapsulated in over thirty books in Nepalbhasa and three in Nepali, echo your profound intellect and commitment to preserving and disseminating Buddhist philosophy. Beyond the borders of language and geography, your efforts have carried the Buddha's teachings to the world. The recognition you have received- **'Bhasathuwa'** for spreading Buddhism in Nepalbhasa, the revered title of **'Aggamahaganthavacakapandita'** from the Myanmar government, and the **'Honorary Doctorate Degree'** from Lumbini Buddhist University-are but modest tributes to the monumental impact you have made. Even at the venerable age of ninety, your ceaseless efforts stand as a testament to your indomitable spirit and unwavering devotion to the Dharma. You are not merely a teacher or a scholar; you are a guiding star, a bridge between the timeless wisdom of the past and the vibrant aspirations of the future.

Today, as we honor you with the **'Special Appreciation'** award, we are deeply humbled to witness a life so resplendent in purpose and so profoundly inspiring. Your legacy is eternal, and your contributions will continue to illuminate countless lives for generations to come.

May your life be blessed with longevity, radiant health, and boundless joy. May your path continue to inspire, uplift, and guide us toward the ultimate truth of the Buddha's teachings.

With deepest reverence and heartfelt gratitude.

**सृजन बज्राचार्य**
*कार्यक्रम संयोजक*
**वर्ल्ड बज्राचार्य अवार्ड २०२४**

**श्रद्धेय मुलचक्रेश्वर फणीन्द्ररत्न बज्राचार्य**
*मूपाहाँ*

**मा. शैलेन्द्रमान बज्राचार्य**
*पूर्व मन्त्री*
संस्कृति, पर्यटन व सहकारी मन्त्रालय
सभा सदस्य, बागमती प्रदेश
*विशिष्ट पाहाँ*

**सर्जु बज्राचार्य**
*अध्यक्ष*
**बज्राचार्य क्लब**

**सहकार्य**
**बागमती प्रदेश सरकार**
**संस्कृति तथा पर्यटन मन्त्रालय**
**पर्यटन कार्यालय काठमाडौं**

**ने.सं. ११४५ थिंलागा त्रयोदशी, २०८१ पौष १३ गते, शनिबार (2024 DEC. 28)**




नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा आयोजित कार्यक्रममा श्रद्धेय धम्मवती गुरुमांलाई वज्राचार्य क्लबबाट मूल चक्रेश्वर श्री फणिन्द्र रत्न बज्राचार्यले सश्रद्धापूर्वक प्रदान गर्नुभएको सम्मानपत्रका साथ गुरुमांका शिष्याहरू जवनवती र वीर्यवती, मिति २०८१/०९/१३

बा.अ.का.द.नं. - ७०/०४०/४१ | म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०८१/०८२)

# मंगलमय शुभकामना !



## श्रद्धेय डा. धम्मवती गुरुमां

*शासनधज धम्माचरिय, अग्गमहागन्थवाचकपण्डित*

धर्मकीर्ति विहारका प्रमुख, शाक्यधिता (बुद्ध पुत्री),
धर्म विदुषी, नेपालको गौरब, ममताकी खानी, असाधारण व्यक्तित्वकी धनी,

**श्रद्धेय धम्मवती गुरुमां**

*लुम्बिनी विश्वविद्यालयबाट मानार्थ विद्यावारिधि उपाधीबाट विभूषित हुनु भएकोमा*

हार्दिक मंगलमय शुभकामना सहित बधाई ज्ञापन गर्दै
उहाँको उत्तरोत्तर प्रगति एवं आयु आरोग्यको पनि कामना गर्दछौं ।

**प्रेम लक्ष्मीनानी ङत भोजन पुचः**

धर्मकीर्ति विहार, श्रीघः नघः यैं

मुद्रकः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोनः ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com